जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १३८ • २०८३ साल आश्विन १९ गते सोमबार (5 October, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जनमत पार्टीको अध्यक्षमा पुनः सीके राउत

**टुडे समाचारदाता**

वीरगञ्ज । जनमत पार्टीको दोस्रो महाधिवेशनबाट डा. चन्द्रकान्त (सीके) राउत पुनः अध्यक्षमा निर्वाचित भएका छन् । वीरगञ्जमा सम्पन्न महाधिवेशन अन्तर्गत भएको निर्वाचनमा राउतले ९५८ मत प्राप्त गर्दै अध्यक्ष पदमा निरन्तरता पाएका छन् ।

अध्यक्ष पदमा राउतको मात्रै उम्मेदवारी परेको थियो । तर, पार्टीको विधान अनुसार उम्मेदवारले कुल सदर मतको कम्तीमा २० प्रतिशत मत प्राप्त गर्नुपर्ने व्यवस्था रहेकाले एकल उम्मेदवारी भए पनि अध्यक्ष पदमा मतदान गरिएको थियो । राउतले आवश्यक मतसीमा पार गर्दै पुनः अध्यक्षमा निर्वाचित भएका हुन् ।

महाधिवेशनमा २६ पदाधिकार ीसहित ९९ पदका लागि निर्वाचन भएको थियो । अध्यक्षबाहेक अधिकांश पदमा प्रतिस्पर्धात्मक निर्वाचन भएको थियो ।

महाधिवेशनबाट सात जना उपाध्यक्षमा अनिताकुमारी मण्डल, अनितादेवी साह, नरेन्द्रप्रसाद चौधरी, बसन्तकुमार कुशवाहा, डा. जयकान्त राउत, राजयकुमार यादव र माधवप्रसाद सिंह उपाध्यक्षमा निर्वाचित भएका छन् । त्यस्तै, सिरहाका सञ्जयकुमार यादव महासचिवमा निर्वाचित भएका छन् ।

### कांग्रेसको १५औँ महाधिवेशनः नीति र नेतृत्वको मन्थन

# सोमबार-मंगलबार बन्दसत्र, नयाँ नेतृत्व चयनका लागि निर्वाचन हुने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको १५औँ महाधिवेशन आइतबार काठमाण्डुको खुलामञ्चमा भव्य समारोहबीच सम्पन्न भएको छ । 'परम्पराको सम्मान र परिवर्तनको संकल्प : समुन्नत नेपालका लागि सबल कांग्रेसको विकल्प' भन्ने नारासहित शुरु भएको महाधिवेशनमा देशभर तथा विदेशबाट गरी करिब ७ हजार ७ सय प्रतिनिधि सहभागी भएका छन् ।

सभापति गगनकुमार थापाले महाधिवेशनको उद्घाटन गरेका थिए । उद्घाटन समारोहमा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूको सहभागिता रहेका थिए । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेकपा एमालेका महासचिव शंकर पोखरेल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलगायत नेताहरूले शुभकामना मन्तव्य दिए ।




उद्घाटन समारोहमा बोल्दै प्रचण्डले कांग्रेस सभापति थापा र रास्वपा सभापति लामिछानेलाई राजनीतिक 'क्रमभंगता'लाई निरन्तरता दिन सुझाव दिए । लामिछानेले सरकार ढल्ने चर्चाको खण्डन गर्दै राजनीतिक स्थायित्वमा जोड दिए । लिङ्देनले निषेधको राजनीतिले मुलुकलाई जटिलतातर्फ धकेलेको भन्दै संविधान र शासन व्यवस्थाको समीक्षा आवश्यक रहेको धारणा राखे । भट्टराईले बदलिँदो समयअनुसार राजनीतिक दलहरू रूपान्तरण हुनुपर्ने बताए ।

सभापति थापाले भने कांग्रेसभित्र र राष्ट्रिय राजनीतिमा खुला संवादको आवश्यकता औँल्याए । उनले पहाड-मधेश, जातजाति, धर्म र पुस्ताबीच प्रत्यक्ष संवादबाट लोकतन्त्र बलियो बनाउनुपर्ने धारणा राखे । उद्घाटन सत्रमै थापाले प्रस्तुत गर्ने राजनीतिक तथा नीतिगत दस्तावेजले महाधिवेशनको आगामी छलफलको आधारसमेत तय गरेको छ । दस्तावेजमा प्रधानमन्त्रीलाई दुई कार्यकालमा सीमित गर्ने व्यवस्था, विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार, निर्वाचनमा 'नन अफ द अबभ' विकल्पलगायत विषय समेटिएका छन् । यस उद्घाटन सत्रमा भने निवर्तमान सभापति शेरबहादुर देउवा अनुपस्थित रहे ।

### बन्दसत्रमा प्रतिवेदनमाथि छलफल

उद्घाटनपछि अब सोमबार र मंगलबार अर्थात् असोज १९ र २० गते बन्दसत्र हुनेछ । बन्दसत्र पनि खुलामञ्चमै सञ्चालन गर्ने कांग्रेसको तयारी छ । ठूलो संख्यामा प्रतिनिधि सहभागी हुने भएकाले हिमाल, पहाड र तराई-मधेशका नाममा तीनवटा संरचना/हल तयार गरिएको छ । एउटा हलमा भएको छलफल अर्को हलका प्रतिनिधिले पनि डिजिटल बोर्डमार्फत हेर्न र सुन्न सक्ने व्यवस्था मिलाइएको छ ।

बन्दसत्रमा सभापति, उपसभापति, महामन्त्री र कोषाध्यक्षले आ-आफ्ना प्रतिवेदन प्रस्तुत गर्नेछन् । त्यसपछि राजनीतिक, सांगठनिक, आर्थिक, समसामयिक तथा नीतिगत प्रस्तावमाथि प्रदेश तथा भूगोलका आधारमा समूहगत छलफल हुनेछ । प्रतिनिधिहरूको सुझाव र छलफलपछि आवश्यक प्रस्ताव पारित गर्ने प्रक्रिया अघि बढ्नेछ ।

यसैबीच, नेतृत्व चयनको प्रक्रियासमेत बन्दसत्रकै बीच अघि बढ्नेछ । निर्वाचन समितिले असोज १९ गते दिउँसो २ बजेदेखि साँझ ६ बजेसम्म राष्ट्रिय सभागृहमा उम्मेदवारी मनोनयन दर्ताको समय तोकेको छ । उम्मेदवारी दर्तापछि दाबी-विरोध, उम्मेदवारी फिर्ता र अन्तिम उम्मेदवारको सूची सार्वजनिक गर्ने प्रक्रिया अघि बढ्नेछ ।

### २१ र २२ असोजमा मतदान, २३२ सदस्यीय कार्यसमिति

कांग्रेसले नयाँ नेतृत्व चयनका लागि असोज २१ र २२ गते निर्वाचन प्रक्रिया अघि बढाउने कार्यतालिका बनाएको छ । महाधिवेशनबाट २३२ सदस्यीय केन्द्रीय कार्यसमिति बन्नेछ । संशोधित विधानअनुसार १७१ सदस्य निर्वाचित हुनेछन् भने ६१ सदस्य सभापतिबाट मनोनयन हुने व्यवस्था छ ।

निर्वाचनमा सभापतिसहित पदाधिकारी र केन्द्रीय सदस्यका लागि मतदान हुनेछ । यसपटक विद्युतीय मतदानको सट्टा कागजी मतपत्रबाट मतदान गराउने तयारी कांग्रेसले गरेको छ । मतदानपछि मतगणना गरी निर्वाचित पदाधिकारी तथा केन्द्रीय सदस्यको परिणाम सार्वजनिक गरिनेछ ।

यसरी उद्घाटन सत्रले कांग्रेसको राजनीतिक रूपान्तरण र नयाँ दिशाबारे बहसको सुरुवात गरेको छ भने आगामी दुई दिनको बन्दसत्रले नीति, संगठन र दस्तावेजलाई अन्तिम रूप दिनेछ । त्यसपछि हुने निर्वाचनले थापा नेतृत्वलाई निरन्तरता दिने वा नयाँ समीकरण निर्माण गर्ने भन्ने टुंगो लगाउनेछ ।

# गाँजा तस्करी प्रकरणः मुख्य आरोपीलाई मुद्दा नचलाइएको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । धनकुटाको भेडेटारबाट महोत्तरी ल्याइएको करिब ४८७ किलो प्रतिबन्धित गाँजा बरामद भएको प्रकरणमा अनुसन्धानका क्रममा मुख्य भूमिका देखिएका भनिएका एक व्यक्तिलाई जिल्ला सरकारी वकिल कार्यालय, महोत्तरीले प्रतिवादी नबनाई उन्मुक्ति दिएको आरोप लागेको छ ।

महोत्तरीको एकडारा गाउँपालिका-५ का ३१ वर्षीय सुरेश चौधरीलाई गाँजा कारोबारमा मुख्य भूमिका रहेको भन्दै प्रहरीले पक्राउ गरी प्रतिवादी बनाउन रायसहित अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको थियो । तर, सरकारी वकिल कार्यालयले चौधरीको नाम अभियोगपत्रबाट हटाएर अन्य चार जनाविरुद्ध मात्र जिल्ला अदालत महोत्तरीमा मुद्दा दायर गरेको छ ।

जिल्ला न्यायाधिवक्ता उदयचन्द्र अधिकारीका अनुसार चौधरीविरुद्ध तत्काल मुद्दा चलाउन पर्याप्त प्रमाण नदेखिएकाले उनलाई प्रतिवादी नबनाइएको हो । थप प्रमाण फेला परेमा चौधरीविरुद्ध पछि छुट्टै अभियोग लैजान सकिने उनले बताए ।

गत असार २० गते बिहान करिब १ बजे महोत्तरीको एकडारा गाउँपालिका-१ भटौलियामा ना.३ ख ६५९२ नम्बरको ट्रकलाई सशस्त्र प्रहरीले रोकेर जाँच गर्दा ४० किलो ३६० ग्राम गाँजा बरामद गरेको थियो । सशस्त्र प्रहरी बल, नेपाल नम्बर ९ गण हेडक्वार्टरबाट खटिएको टोलीले ट्रकका चालक मकवानपुरको कैलाश गाउँपालिका-६ का २४ वर्षीय साधुराम थिङ र सोही ठाउँका २१ वर्षीय विपश नेगीलाई नियन्त्रणमा लिएर नेपाल प्रहरीको जिम्मा लगाएको थियो ।




प्रहरीले जनाए अनुसार चालक थिङको बयानका आधारमा थप अनुसन्धान अघि बढाइएको थियो । थिङले आफूले उक्त गाँजा असार १८ गते धनकुटाको भेडेटारबाट ' बिक्रम राई' नाम गरेका व्यक्तिले पठाएको बयान दिएका थिए । तर, अनुसन्धानमा उल्लेख भएका बिक्रम राईबारे प्रहरीले थप अनुसन्धान नगरेको र उनलाई प्रतिवादी बनाउन सिफारिससमेत नगरेको देखिएको छ ।

ट्रकबाट गाँजा बरामद भएपछि प्रहरीले असार २१ गते महोत्तरी गाउँपालिका-४ स्थित रानी रतवडामा लिलम देवीको घरमा छापा मारेको थियो। त्यहाँ लुकाएर राखिएको अवस्थामा थप ४४६ किलो गाँजा बरामद भएको प्रहरीले जनाएको छ । यसरी ट्रकबाट बरामद ४० किलो ३६० ग्राम र घरबाट बरामद ४४६ किलो गरी कुल ४८६ किलो ३६० ग्राम गाँजा बरामद भएको थियो ।

सरकारी वकिल कार्यालयले ट्रक चालक थिङ, सहचालक नेगी, महोत्तरी गाउँपालिका-३ का ३६ वर्षीय रन्धीर ठाकुर र गाँजा लुकाएर राखिएको घरकी धनी लिलम देवीलाई मात्र प्रतिवादी कायम गरेको छ। सहायक जिल्ला न्यायाधिवक्ता दीपेन्द्रकुमार दासले असोज १६ गते चौधरीको नाम हटाएर उनीहरूविरुद्ध अभियोगपत्र दायर गरेका छन् ।

प्रहरी अनुसन्धानमा भने चौधरीको भूमिका शंकास्पद देखिएको भन्दै उनलाई पक्राउ गरी अनुसन्धान गर्न अदालतबाट पक्राउ पुर्जीसमेत लिइएको थियो । अनुसन्धान प्रतिवेदनमा चौधरीलाई प्रतिवादी बनाउन राय दिइएको थियो ।

प्रहरी अनुसन्धानमा चौधरी र रन्धीर ठाकुरबीच गाँजा तस्करी भएको समयमा १३ पटक फोन सम्पर्क भएको कल डिटेल रेकर्ड (सीडीआर) बाट देखिएको उल्लेख छ। घटनाको समयमा चौधरीको मोबाइल लोकेसन धनुषाको जिरोमाइल, महोत्तरीको रातौली-गोहीपिपरा तथा रतवडा-बलवा क्षेत्रमा देखिएको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। रन्धीरको लोकेसनसमेत सोही आसपास देखिएको बताइएको छ ।

गाँजा रिसिभ गर्दाको समयमा चौधरी, रन्धीर र विपश नेगीको मोबाइल लोकेसनसमेत एउटै क्षेत्रमा देखिएको प्रहरीले जनाएको छ। प्रहरीले यिनै विवरणका आधारमा चौधरीलाई प्रतिवादी बनाउन सिफारिस गरेको थियो ।

अनुसन्धानअनुसार भेडेटारबाट महोत्तरी ल्याइएको गाँजालाई जनकपुरको पिडारी चोक आसपासबाट मोटरसाइकलमार्फत स्कर्टिङ गरिएको थियो । स्कर्टिङमा प्रयोग भएको म.प्र. ०२-००८ प ९२४० नम्बरको मोटरसाइकल रन्धीर ठाकुरको नाममा दर्ता रहेको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ।

तर, जिल्ला न्यायाधिवक्ता अधिकारीले सीडीआर र मोबाइल लोकेसनको विवरण मात्र चौधरीविरुद्ध अभियोग दायर गर्न पर्याप्त प्रमाण नभएको बताए । अनुसन्धानको अन्तिम चरणमा प्रहरीले उनलाई प्रतिवादी बनाउन राय दिएको भए पनि अभियोग दायर गर्न आवश्यक प्रमाणको मूल्यांकन गर्दा तत्काल मुद्दा चलाउने आधार पर्याप्त नदेखिएको उनको भनाइ छ ।

यस प्रकरणका प्रतिवादी रन्धीर ठाकुर यसअघि पनि आपराधिक मुद्दामा दोषी ठहर भइसकेका व्यक्ति हुन्। उनलाई २०६९ जेठ १६ गते काठमाण्डु जिल्ला अदालतले २ वर्ष ६ महिना कैद र १ लाख रुपैयाँ जरिवानाको फैसला गरेको थियो । त्यस्तै, ट्रक चालक थिङविरुद्ध महोत्तरी प्रहरीले २०८३ असारमै अर्को लागुऔषधसम्बन्धी मुद्दा दायर गरेको थियो । असार २९ गते अदालतले उनलाई पुर्पक्षका लागि महोत्तरी कारागारमा पठाउने आदेश दिएको थियो ।

चौधरी यसअघि सार्वजनिक शान्तिविरुद्धको कसुरमा दोषी ठहर भई १० हजार रुपैयाँ जरिवाना तिरेका व्यक्ति रहेको प्रहरीले जनाएको छ । प्रहरीले उनलाई लागुऔषध नियन्त्रण ऐन, २०३३ को दफा १६ बमोजिम पटके कसुरदारका रूपमा थप सजायको मागसमेत गरेको थियो । तर, हालको मुद्दामा उनी प्रतिवादी बनेका छैनन् ।

करिब ४ क्वीन्टल ८७ किलोग्राम गाँजा बरामद भएको गम्भीर लागुऔषध कारोबारमा प्रहरीले मुख्य भूमिका देखाउँदै पक्राउ पुर्जीसमेत लिएका व्यक्तिलाई सरकारी वकिलले अभियोगपत्रमा समावेश नगरेपछि अनुसन्धान र अभियोजनबीचको समन्वय तथा प्रमाणको मूल्यांकनबारे प्रश्न उठेको छ । यद्यपि, सरकारी वकिलका अनुसार चौधरीको संलग्नता पुष्टि हुने थप प्रमाण फेला परेमा उनीविरुद्ध पछि छुट्टै अभियोग दायर गर्न सकिने कानुनी बाटो खुला छ ।



# बाइस वर्षपछि 'सम्यक महादान'



काठमाण्डु । बाइस वर्षपछि आगामी माघ १ गते काठमाडौँ महानगरपालिकाले 'सम्यक महादान' आयोजना हुने भएको छ। कामपाले राष्ट्रियसभा गृहमा 'सम्यक महादान' मूल समारोह समितिको सचिवालय स्थापना गरेर सम्यक् महादान (नेवाः बौद्ध (बज्रयान) परम्परामा गरिने ऐतिहासिक तथा धार्मिक एवं सांस्कृतिक दान) को तयारी थालेको हो।

सम्यक लामो समयसम्म नभएकाले सम्पदाको संरक्षण गर्ने कार्यक्रमअन्तर्गत यस वर्ष सम्यक महादानको काम गर्न लागिएको काठमाडौँ महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो । महादान कार्यक्रम आयोजना गर्न आवश्यक सबै प्रकारका प्रशासनिक प्रक्रिया तथा तयारी गर्ने, कार्यान्वयन समिति र क्षेत्रगत उपसमिति, सरोकार भएका निकाय र साझेदारसँग समन्वय गर्ने काम सचिवालयले गर्ने उहाँले बताउनुभयो।

कामु प्रमुख डङ्गोलका अनुसार नेपाल मण्डलमा सम्यक महादान दुई प्रकारले गर्ने गरिएको छ। एउटा जसलाई इच्छा लाग्यो, उसले गर्न सक्छ । यसलाई ऐच्छिक सम्यक भनियो । अर्को गुठीबाट गर्ने गरिएको सम्यक हो। जसलाई गुठी सम्यक भनिन्छ।

"काठमाडौँमा गुठी सम्यक तीन भिन्नाभिन्नै खलकको समूहले हरेक चार वर्षमा गर्दथे। पछि यी तीन वटै समूह मिलेर हरेक १२ वर्षमा एक चोटी गर्दै आएका थिए", समितिका संयोजक नेपाल बज्रयान महाविहार लुम्बिनीका चक्रेश्वर प्रा डा नरेशमान बज्राचार्यले भन्नुभयो, "गुठी सम्यक नभएको २२ वर्ष भयो। ऐच्छिक सम्यक नभएको २५ वर्ष भयो।"

> "काठमाडौँमा गुठी सम्यक तीन भिन्नाभिन्नै खलकको समूहले हरेक चार वर्षमा गर्दथे । पछि यी तीन वटै समूह मिलेर हरेक १२ वर्षमा एक चोटी गर्दै आएका थिए"

यो सम्यक सञ्चालन तथा व्यवस्थापनलगायतका नीतिगत काम गर्न असोज ८ गते कामपाकी कार्यवाहक प्रमुख डङ्गोलको प्रमुख संयोजकत्वमा ३०१ सदस्यीय मूल समारोह समिति घोषणा भइसकेको छ। कार्यवाहक प्रमुख डङ्गोलकै अध्यक्षतामा ३७ सदस्यीय कार्यान्वयन समिति घोषणा भएको छ।

मुख्य दुई दिन हुने महादानको पहिलो दिन हनुमान ढोकामा र दोस्रो दिन स्वयम्भूको भुइँखेलमा मनाइने परम्परा छ । महादान २०६१ सालपछि काठमाडौँमा मनाउन नसकिएको समितिका संयोजक प्रा डा बज्राचार्यले बताउनुभयो । उहाँका अनुसार बौद्धहरूले गर्ने हरेक धार्मिक क्रियाकलापमा दान कार्य प्रायः अनिवार्य रूपमा समावेश हुन्छ।

नेपालमा दान अभ्यासका लागि नियमित वार्षिक पञ्जरां (पञ्चदान), ऐच्छिक पञ्जरा, नयाँ पञ्जरां दान, निश्चित अन्तराल पछि गरिने महासम्यक दानहरू पर्व कै रूपमा मनाउँदै आइएको उहाँले जानकारी दिनुभयो।

यो परम्परालाई निरन्तरता दिन तथा पुस्तान्तरण गर्न कामपाले आर्थिक वर्ष २०८३/८४ को स्वीकृत भएको छ।रासस

# दसैं नजिकिएसँगै काठमाण्डुका खुला बजारमा बढ्यो ग्राहकको चहलपहल



काठमाण्डु । बडादसैं नजिकिएसँगै काठमाडौँको भृकुटीमण्डप लगायतका अन्य विभिन्न खुला बजारमा किनमेल गर्ने ग्राहकको चाप बढेको छ । यहाँका खुल्ला बजारमा दसैंका लागि नयाँ कपडा तथा आवश्यक सामग्री खरिद गर्न पुगेका ग्राहकको चहलपहल अन्य समयको तुलनामा बढेको हो।

दसैंका लागि परिवारका सदस्य, आफन्त तथा बालबालिकाका लागि नयाँ कपडा खरिद गर्ने ग्राहकको सङ्ख्या बढेपछि भृकुटीमण्डप लगायतका बजारमा व्यापारीसमेत व्यस्त देखिएका छन् । भृकुटीमण्डप लगायतका विभिन्न पसलमा ग्राहक कपडा छनोट गर्दै, मूल्यबारे जानकारी लिँदै तथा आफूलाई आवश्यक सामग्री खरिद गर्नेको चाप बढेको भृकुटीमण्डपस्थित खुला बजारका फेन्सी पसलका व्यापारी अशोक खतिवडाले बताउनुभयो।

उहाँका अनुसार केही दिनयता बजारमा ग्राहकको आवागमन बढ्न थालेको छ । विशेषगरी बालबालिका, युवा तथा ज्येष्ठ नागरिकका लागि आवश्यक कपडा खरिद गर्ने ग्राहकको सङ्ख्या उल्लेख्य रूपमा बढेको उहाँले बताउनुभयो । "दसैं नजिकिँदै गएपछि कपडा किन्ने ग्राहकको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ । आज बिहानदेखि बजारमा पहिलेभन्दा बढी चहलपहल देखिएको छ", खतिवडाले भन्नुभयो।

दसैंमा नयाँ कपडा लगाउने नेपाली परम्परा रहेकाले पनि चाडपर्वको समयमा कपडाको व्यापार बढ्ने गरेको अर्का व्यापारी श्यामप्रकाश अधिकारीले बताउनुभयो।

उहाँका अनुसार ग्राहकको चाप बढेसँगै व्यापारीलाई सामान देखाउने, ग्राहकको रोजाइअनुसार कपडा छनोट गराउने, मूल्य बताउने तथा बिक्री व्यवस्थापन गर्न भ्याइनभ्याइ हुने गरेको छ। "भृकुटीमण्डपमा दसैंका लागि आवश्यक कपडादेखि जुत्ता, चप्पल, बालबालिकाका सामग्री तथा दैनिक उपभोगका विभिन्न सामान खरिद गर्ने ग्राहकको समेत उपस्थिति बढेको छ", उहाँले भन्नुभयो।

एउटै स्थानमा विभिन्न प्रकारका सामान उपलब्ध हुने तथा ग्राहकले आफ्नो बजेटअनुसार सामान छनोट गर्न सक्ने भएकाले खुला बजारमा किनमेल गर्नेको सङ्ख्या बढेको व्यापारीहरूको भनाइ छ । चाडपर्वको समयमा सीमित आम्दानी भएका परिवारका लागि सस्तो बजार रोजाइमा पर्ने गरेको व्यापारीहरू बताउँछन्।

काठमाडौँ उपत्यकाका विभिन्न खुला बजार तथा सडक किनारका रात्रिकालिन पसल तथा सपिङमल तथा ठूला व्यापारिक केन्द्रको तुलनामा केही सस्तोमा लुगा, कपडा तथा अन्य सामग्री पाइने भएकाले ग्राहकको आकर्षण बढ्ने गरेको व्यापारीहरूको भनाइ छ।

सुन्धारास्थित रात्रिकालीन सडकपेटीमा लुगा, कपडा बिक्री गर्दै आउनुभएकी सङ्गीता न्यौपानेले पनि दसैं नजिकिएसँगै ग्राहकको आवागमन बढेको बताउनुभयो । उहाँका अनुसार चाडपर्वमा परिवारका सबै सदस्यका लागि कपडा खरिद गर्नुपर्ने भएकाले ग्राहकले मूल्य र गुणस्तर दुवैलाई ध्यान दिने गरेका छन्। दसैंसँगै मौसममा समेत क्रमिक रूपमा सुधार हुन थालेकाले चिसो मौसमका लागि आवश्यक लुगा, कपडा खरिद गर्ने ग्राहक पनि बजारमा देखिन थालेका छन्।

विशेषगरी ज्याकेट, स्विटर, ट्र्याकसुट, हुडी तथा अन्य न्यानो कपडा खरिद गर्ने ग्राहकको सङ्ख्या पनि बढ्दै गएको व्यापारी हरिकृष्ण कँडेलले बताउनुभयो।

दसैंलगायत चाडपर्व नजिकिँदै जाँदा काठमाडौँ उपत्यकाका भृकुटीमण्डप, असन, इन्द्रचोक, न्यूरोड, सुन्धारा, नयाँसडकलगायत बजारमा ग्राहकको चाप थप बढ्ने व्यवसायीको अपेक्षा छ । चाडपर्वका लागि आवश्यक सामग्री खरिद गर्न उपत्यकाका साथै बाहिरी जिल्लाबाट काठमाडौँ आएका नागरिकसमेत किनमेलमा व्यस्त हुन थालेका छन्।

व्यापारीहरूले दसैंलाई लक्षित गरी विभिन्न प्रकारका सामानको मौज्दातसमेत बढाएका छन् । ग्राहकको मागअनुसार बालबालिका, महिला तथा पुरुषका लागि विभिन्न डिजाइन, रङ र मूल्यका कपडा बजारमा राखिएको उनीहरू बताउँछन्। ग्राहकले आफ्नो बजेट र रुचिअनुसार सामान छनोट गर्ने गरेका छन्। रासस

# तीन वर्षपछि उस्तै विपद् दोहोरिँदाको अत्यास



पाँचथर । याङवरक गाउँपालिका-१ मा तीन वर्षको अन्तरालमा बाढीपहिरो दोहोरिएपछि स्थानीयवासी त्रासमा बाँच्न बाध्य छन् । विसं २०८० असार ३ गते यस क्षेत्रमा बाढीपहिरो आउँदा वर्षौंदेखि चलिरहेका सडक, पुल, झोलुङ्गे पुल, भौतिक संरचना, घरगोठलगायतमा ठूलो क्षति भएको थियो।

यहाँका मुरुङ्गा, मेवा र लम्बाखोला तथा अन्य ससाना खोल्सीमा आएको बाढी र सयौँ स्थानमा खसेको पहिरोले ठूलो क्षति पुर्याएको थियो । उक्त समय यहाँका समरजुङ, मगरडाँडा, कोप्चे, खोलाघारी, चोक, चाम्लिङडाँडा, बिरुवा वस्ती प्रभावित भएका थिए।

उक्त समयको क्षति भुल्न नपाउँदै यस वर्ष गत जेठमा बाढीपहिरोले उस्तै क्षति पुर्याएपछि स्थानीयवासी चिन्तित छन् । स्थानीय रामकुमार राईको घरमा भेटिएका इन्द्रबहादुर चाम्लिङले भन्नुभयो, "विसं २०८० को बाढीपहिरोले ठूलो क्षति पुर्याएपछि हाम्रो जीवनकालमा यस्तो विपद् नआउने भन्ने धेरैलाई लागेको थियो । तर यसपालि त्यो भन्दा ठूलो विपद् आउँदा हामी अचम्मित भयौँ ।" उस्तै विपद् दोहोरिएपछि त्रासमा बाँच्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ।

चाम्लिङडाँडाका महमलाल खवासको घरको आगनबाट लम्बाखोलाको बाढी बगेपछि परिवार त्रासमा थियो। तर विगतमा जस्तो भयावह अवस्था नहोला भनेर खवास परिवारले घरलाई थप व्यवस्थित गर्यो । यस वर्ष विगतमा भन्दा भयावह बाढीपहिरो मात्रै आएन, खवासको घर नामोनिशान नरहने गरी बगाएर लग्यो । "पहिले पनि आँगनबाट बाढी बगेको थियो। तर घर नै बगाउँला भन्ने त सोचेका थिएनौँ । हामी लगाएको कपडामा दुई मिनेटको अन्तरमा भाग्न सफल भयौँ", खवासले भन्नुभयो, "एक मिनेटको अन्तरमा घर बाढीले बगायो। मध्यरात भागेर बाँच्यौँ।" खवास परिवार अहिले देउकुमार राईको बन्दकी लगाएर बसिरहेको छ । तर त्रासले भने नछोडेको महमलालको भनाइ छ।

कम्तीमा रु १० लाख लागत मूल्याङ्कन हुने घरसहित जग्गा जमिन र सबै सामग्री पहिरोले बगाएपछि खवास परिवार विदेश गएका छोराको मद्दतले जीविका चलाइरहेको छ। उक्त पहिरोमा महमलालका भाइ कविरमान खवासको घर तथा यहाँका रविन राई, रामकुमार राई, जहरमान बेघालगायत १६ परिवारको अलैँची तथा धानखेती बगरमा परिणत भएको छ।

बाढीपहिरोमा चाम्लिङडाँडाका रामकुमार राईको घर त जोगिएको छ तर आम्दानीको बाटो समाप्त भएको उहाँको भनाइ छ। तीन वर्षअघि २०८० सालमा बर्सेनि करिब १० मन (४० किलो) उत्पादन हुने अलैँची बारी पहिरोले बगाएको थियो। अहिले त्योभन्दा दोब्बर बढी अलैँची फल्ने बारी बगाएपछि हातपाउ गलेको रामकुमारको भनाइ छ।

"मेरो जति क्षति यो वडामा कसैको पनि भएन होला। विसं २०८० मै करिबब १० मन अलैँची फल्ने जमिन बगाएर लगेको थियो। यस वर्ष करिब १५ मन उत्पादन हुने अलैँचीखेती र दुई खला खेत बाढी र पहिरोले बगाएर लग्यो", रामकुमारले भन्नुभयो, "अहिले सबै ढाँड बनेको छ। एक झ्याङ पनि अलैँची बाँकी रहेन", अलैँची टिप्ने बेलामा रामकुमारसँग अलैँचीको बगान नै बाँकी छैन।

बाढीपहिरोले चाम्लिङडाँडाकै रविन राईको घर जोखिममा पारेको छ। उहाँको घरभन्दा मुनि गैरीखेत पहिरोले तानेको छ भने अगाडि पँधेरे खेत बाढीले पुरेको छ। "हिउँदमा त ठिकै छ। बर्खा लागेपछि भाग्नैपर्ने होला", रविनले भन्नुभयो, "बरु ढुङ्गोबाट खन्याएको पातलो आउला, आकासबाट त्योभन्दा ठूलो पानी पर्छ।"

प्राकृतिक विपत्तिमा घरको पूर्ण क्षति भएका परिवारलाई सरकारले जिल्ला दैवी प्रकोप समितिमार्फत रु चार लाख रकम दिने व्यवस्था रहेको छ। तर तीन किस्तामा प्राप्त हुने रकम लिन असाध्यै कठिन पर्ने बुझेर पहिरो प्रभावित महमलाल खवास सरकारको बाटो नहेर्ने सोचाइमा हुनुहुन्छ।

"घर निर्माण गर्न तीन किस्तामा रकम आउने रहेछ। पालिका गएँ, फिदिम (सदरमुकाम) गएँ। तर मैले प्रक्रिया पूरा गर्दागर्दै साहुबाट काढेको रु नौ हजार सकियो", खवासले भन्नुभयो, "अब म नखोज्ने, बरु आफैँ बनाएर बस्ने । खोज्दाखोज्दै ऋणमा डुबिने रहेछ। अझै केही समय अर्केको घरमा जीविका चलाउँछु।"

विदेश गएको छोरो आएपछि गाउँकै पाखाभित्तामा जग्गा खोजेर घर बनाउने योजना खवास परिवारको छ । त्यसैले उनीहरू सरकारसँग केही नमाग्ने पक्षमा हुनुहुन्छ । "अब सबैको क्षति भएको छ, सरकारले कसलाई राहत दिएर सकोस र ? हामीले खोज्न पनि छाडेको", महमलालले भन्नुभयो, "हाम्रो ज्यान बाँचेकै छ। कमाएर केही गरौँला भन्ने सोच बनाएका हौँ।"

स्थानीय तहले क्षतिपूर्ति दिन नसक्ने र माथिल्ला निकायले वास्ता नगर्ने हुँदा कुनै प्रकारको राहत पाउने आशा अर्का प्रभावित रामकुमार राईसँग पनि छैन । "पहिले पनि क्षतिपूर्तिका लागि निवेदन पेस गर्यौँ । तर कुनै राहत आएको बुझिएन", रामकुमारले भन्नुभयो, "हामीलाई क्षतिपूर्तिका लागि आवेदन मागिएको थियो । तर पहिलेकै क्षतिमा कुनै क्षतिपूर्ति नभएपछि मैले त क्षतिको विवरण पनि दिन मन लागेन । बाँचियो भने भयो।" रासस

# बेत्रावतीको बेलीब्रिज दसैंअघि सञ्चालनमा आउने



रसुवा । नेपाली सेनाको नेतृत्वमा रसुवा-नुवाकोट सीमासँगै बेत्रावतीस्थित फलाखुखोलामा निर्माण हुने बेलीब्रिज दसैंअघि सञ्चालनमा आउने भएको छ।

गत भदौमा गएको रसुवा बाढीले सो खोलाको पक्की पुल बगाएपछि अवरुद्ध भएको पासाङल्हामुमार्गस्थित सो खोलामा बेलीब्रिज निर्माण भएसँगै सडक यातायात सञ्चालनमा आउने छ।

नेपाली सेनाका प्रवक्ता सहायक राजाराम बस्नेतका अनुसार गल्छी-मैलुङ-स्याफ्रुबेँसीसडकसुधार आयोजनाले आगलीटार-बेत्रावती सडकखण्ड सञ्चालनमा ल्याएपछि बेलीब्रिज निर्माणका लागि आवश्यक सामग्री ढुवानी गर्न सहज भएको हो।

"बेलीब्रिज जडानका क्रममा आवश्यक सामग्री बेत्रावतीस्थित निर्माणस्थल पन्छाइएको छ । बाढी प्रभावित जनतालाई राहत दिने सरकारी नीति तथा कार्यक्रमलाई मूर्तरुप दिन बडादसैंअघि नै बेलीब्रिज जडान गरी सवारीसाधन सञ्चालन गर्ने लक्ष्यका साथ काम भइरहेको छ", प्रवक्ता बस्नेतले भन्नुभयो।

गत भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीले बेत्रावती बजार क्षेत्रमा ठूलो क्षति पुऱ्याउनुका साथै फलाखुखोलामा रहेका पुरानो र नयाँ दुवै पक्की पुल बगाएसँगै काठमाडौँ-नुवाकोट हुँदै रसुवासम्मको सडक यातायात प्रभावित भएको छ।

सो स्थानमा पुल बगेपछि रसुवाको दक्षिणी तथा उत्तरी क्षेत्रबीचको आवागमन, दैनिक उपभोग्य वस्तुको ढुवानी तथा अत्यावश्यक सेवासमेत प्रभावित भएको छ । बेलीब्रिज निर्माणपछि राजधानी काठमाडौँसँग रसुवाको सडक सम्पर्क सहज हुने जिल्लावासीको अपेक्षा छ।

यसै सन्दर्भमा, संविधानसभा सदस्य छोवाङ तेन्जिङ तामाङले आसन्न दसैंअघि बेत्रावतीमा पुल तयार भइदिए आमसर्वसाधारणलाई राष्ट्रिय चाडपर्वका समयमा आवतजावत गने सहज हुने र छिमेकी जिल्ला नुवाकोटसहित काठमाडौँसँग सडक यातायात जोडिने बताउनुभयो। रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | तपाईको घरमा गुरुको आगमन हुनेछ। |
| वृष : | राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ। |
| मिथुन : | आज धातुमा गरेको लगानीबाट फाइदा हुनेछ। |
| कर्कट : | पश्चिमको लामो यात्रामा नजानु राम्रो हुन्छ। |
| सिंह : | अघिल्लो दिन नै बनेका कार्ययोजना अनुसार काम हुनेछ। |
| कन्या : | आफ्नै राशिमा मित्र ग्रहहरु घुम्दै छन्। जुनसुकै क्षेत्रमा लगानी गरे राम्रो हुनेछ। |
| तुला : | आफूले आफ्नो उचाई नबुझ्दा राज्यका तर्फबाट भय हुने योग छ। |
| वृश्चिक : | आम्दानी बढ्नेछ । दैनिकी सहज बन्नेछ। |
| धनु : | शेयर कारोबारमा फाइदा हुने योग छ। प्रेम सम्बन्ध सुमधुर हुनेछ। |
| मकर : | बौद्धिक व्यक्तिसंगको अन्तरक्रियाबाट नयाँ अवसरको पत्तो लाग्नेछ। |
| कुम्भ: | पुराना मित्रहरुसंगको भेटघाटको मन खुशी हुनेछ। |
| मीन: | आज ग्रहण योग परेकाले आज तपाईले पाउने सेवा सुविधा अरुलाई पर्न सक्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कांग्रेस महाधिवेशनमा रौतहटबाट १३८ प्रतिनिधि



**टुडे समाचारदाता**

रौतहट । नेपाली कांग्रेसको १५औं महाधिवेशनमा रौतहटबाट १३८ जना महाधिवेशन प्रतिनिधिले सहभागिता जनाएका छन्। जिल्लाका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट प्रतिनिधिहरू काठमाडौं पुगेपछि महाधिवेशनमा रौतहटको सहभागिता उल्लेख्य बनेको छ।

जिल्ला सभापति तथा मधेश प्रदेशका पूर्व अर्थमन्त्री सुनिल कुमार यादव (जितेन्द्र)को नेतृत्वमा चारवटै निर्वाचन क्षेत्रका क्षेत्रीय सभापतिको अगुवाइमा प्रतिनिधिहरू काठमाडौं पुगेका हुन्।

महाधिवेशन उद्घाटन कार्यक्रममा क्षेत्र नं. १ बाट क्षेत्रीय सभापती श्रीराम यादव, क्षेत्र नं. २ बाट शेख अम्मानुलाह, क्षेत्र नं. ३ बाट सर्फलाल गुप्ता र क्षेत्र नं. ४ बाट असलम मियाँको अगुवाइमा रौतहटका प्रतिनिधिहरू सहभागी हुनेछन्।

प्रतिनिधिहरूमध्ये क्षेत्र नं. ४ बाट ३९ जना रहेका छन् भने क्षेत्र नं. १, २ र ३ बाट समान ३३/३३ जना सहभागी भएका छन्। क्षेत्र नं. ३ का सभापति सर्फलाल गुप्ताका अनुसार चारवटै निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व सुनिश्चित गरिएको छ।

कांग्रेसको १५औं महाधिवेशन असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा सञ्चालन भइरहेको छ। महाधिवेशनमा देशभरबाट करिब सात हजार प्रतिनिधि सहभागी हुने कांग्रेसले जनाएको छ।

महाधिवेशनले पार्टीको नयाँ केन्द्रीय नेतृत्व चयन गर्नुका साथै आगामी राजनीतिक रणनीति र संगठनात्मक प्राथमिकता तय गर्ने भएकाले रौतहटबाट सहभागी प्रतिनिधिहरूको मत र भूमिकालाई पनि महत्वका साथ हेरिएको छ।

चारवटै निर्वाचन क्षेत्रबाट प्रतिनिधि सहभागी भएकाले नेतृत्व चयनका क्रममा रौतहटको सामूहिक धारणा र क्षेत्रगत समीकरणले समेत प्रभाव पार्न सक्ने कांग्रेस नेताहरूको आकलन छ।

महाधिवेशनका क्रममा पार्टीको संगठन सुदृढीकरण, नेतृत्व हस्तान्तरण, आगामी राजनीतिक कार्यदिशा तथा जिल्लाको सांगठनिक भूमिकाका विषयमा समेत प्रतिनिधिहरूबीच छलफल हुने अपेक्षा गरिएको छ।

रौतहटबाट १३८ प्रतिनिधिको सहभागिताले महाधिवेशनमा जिल्लाको उपस्थिति मात्र देखाएको छैन, केन्द्रीय नेतृत्व चयनमा जिल्लाको राजनीतिक प्रभावसमेत परीक्षण गर्ने अवसरका रूपमा यसलाई हेरिएको छ।

# थप राजश्व मागेकोमा आयातकर्ताद्वारा आन्दोलनको चेतावनी

**टुडे समाचारदाता**

वीरगञ्ज। नेपालमा आयात गरिएको अन्तर्राष्ट्रिय टेस्ला कम्पनीको गाडीको वास्तविक खरिद मूल्यभन्दा पुरानो आयात मूल्यलाई आधार बनाएर वीरगञ्ज भन्सार कार्यालयले थप राजस्व माग गरिएकोमा आयातकर्ता कम्पनीले आपत्ति जनाएको छ।

अन्तर्राष्ट्रिय बजारमा टेस्लाका विद्युतीय सवारीसाधनको मूल्य घटिसकेको अवस्थामा पुरानो आयात मूल्यको आधारमा वीरगञ्ज भन्सारले थप राजश्व माग गर्दा आयातकर्ताहरु विचकिएका छन्। चीनको सांघाईमा उत्पादन भएको टेस्ला मोडल वाई आरडब्लुडी आयात गरेको कायरोस इन्टरनेशनल प्रालिले भन्सार कार्यालयले जाँचपास गरिसकेका दुईवटा गाडीमा पुनः थप राजस्व माग गरेको जनाएको हो।

कम्पनीका अनुसार वीरगन्ज भन्सार कार्यालयले असोज ११ गते पत्र पठाउँदै यसअघि कम असुल भएको भनिएको भन्सार राजस्व दाखिला गर्न ताकेता गरेको थियो। दुईवटा गाडीमा प्रतिगाडी करिब ७८ देखि ७९ लाख रुपैयाँका दरले थप राजस्व माग गरिएको र यसबाट डेढ करोड रुपैयाँभन्दा बढीको थप दायित्व सिर्जना भएको कम्पनीको दाबी छ।

कायरोसका भन्सार प्रतिनिधि मधुकुमार बरालका अनुसार हाल आयात गरिएका टेस्ला चीनको सांघाईमा उत्पादन भई हङकङ हुँदै नेपाल आएका हुन्। अमेरिकामा उत्पादन भएका समान मोडलका गाडीको तुलनामा उत्पादन तथा आपूर्ति शृंखला छोटो भएकाले चीनबाट आयात गरिएको गाडीको खरिद तथा ढुवानी लागत कम परेको उनको भनाइ छ।

बरालका अनुसार करिब ६ महिनाअघि ऐरेटे इन्टरनेशनल प्रालिले अमेरिकाबाट समान मोडलको टेस्ला आयात गर्दा ३४ हजार ५०० अमेरिकी डलर अर्थात् करिब ५० लाख ६२ हजार १८५ रुपैयाँ मूल्य कायम गरिएको थियो।

उक्त गाडीमा ६० प्रतिशत भन्सार महसुलबापत ३० लाख ३७ हजार ३११ रुपैयाँ, ३५ प्रतिशत अन्तःशुल्कबापत २८ लाख ३४ हजार ८२४ रुपैयाँ, सडक सम्भार दस्तुरबापत ५ लाख ४६ हजार ७१६ रुपैयाँ र १३ प्रतिशत भ्याटबापत १४ लाख ९२ हजार ५३५ रुपैयाँ गरी कुल ७९ लाख ११ हजार ३८६ रुपैयाँ राजस्व तिरिएको थियो। तर अहिले चीनमा उत्पादन भएको समान ब्रान्ड तथा मोडलको गाडीको खरिद मूल्य नै कम परेको आयातकर्ता पक्षको दाबी छ





> "आईफोनको नयाँ सिरिज बजारमा आएपछि पुरानो मोडलको मूल्य घटेजस्तै अन्तर्राष्ट्रिय बजारमा गाडीको मूल्य पनि परिवर्तन हुन्छ। विश्व बजारमा अहिलेको मूल्य अनलाइनबाट समेत देखाउन सकिने अवस्थामा पुरानो आयात मूल्यलाई आधार बनाएर थप राजस्व माग्नुको आधार के हो भन्ने हाम्रो प्रश्न हो।

अन्तर्राष्ट्रिय बजारमा नयाँ मोडल वा उत्पादन संस्करण आएपछि पुरानो मोडलको मूल्य घट्नु स्वाभाविक हुने भन्दै कम्पनीले केही महिनाअघिको आयात मूल्यलाई आधार बनाएर पछिल्लो आयातमा पनि त्यही मूल्य कायम गर्नु उचित नहुने जनाएको छ।

बरालले भने, 'आईफोनको नयाँ सिरिज बजारमा आएपछि पुरानो मोडलको मूल्य घटेजस्तै अन्तर्राष्ट्रिय बजारमा गाडीको मूल्य पनि परिवर्तन हुन्छ। विश्व बजारमा अहिलेको मूल्य अनलाइनबाट समेत देखाउन सकिने अवस्थामा पुरानो आयात मूल्यलाई आधार बनाएर थप राजस्व माग्नुको आधार के हो भन्ने हाम्रो प्रश्न हो।'

कायरोसका अनुसार हाल आयात गरिएको टेस्लाको हङकङमा एमआरपी २ लाख ५४ हजार हङकङ डलर रहेकोमा भ्याट, एजेन्सी छुटलगायत रकम घटाउँदा मूल्य करिब २ लाख ५०० हङकङ डलर कायम हुन्छ। नेपाली रुपैयाँमा रूपान्तरण गर्दा यसको आधारभूत मूल्य करिब ३८ देखि ३९ लाख रुपैयाँ पर्ने कम्पनीको दाबी छ।

कम्पनीले उपलब्ध गराएको विवरण अनुसार उक्त मूल्यमा करिब ७ लाख ७७ हजार ५३९ रुपैयाँ भन्सार महसुल, १६ लाख ३२ हजार ८३२ रुपैयाँ एकीकृत महसुल, ३ लाख १४ हजार ९०४ रुपैयाँ सडक सम्भार दस्तुर र ८ लाख ५९ हजार ६७७ रुपैयाँ भ्याट गरी कुल कर तथा राजस्व करिब ३५ लाख ८४ हजार ९६२ रुपैयाँ पर्ने दाबी गरेको छ।

बिक्रीपछि थप राजस्वको पत्र

कायरोसका अनुसार चालु आर्थिक वर्षमा जुलाई २९ र सेप्टेम्बर ९ मा गरी दुई खेपमा टेस्ला मोडल वाई आरडब्लुडी नेपाल आयात गरिएको थियो। ती गाडी वीरगन्ज भन्सार कार्यालयबाट जाँचपास भइसकेका छन् भने ग्राहकलाई बिक्रीसमेत भइसकेको कम्पनीले जनाएको छ।

तर जाँचपास भएको केही समयपछि केही सञ्चारमाध्यममा प्रकाशित समाचारका आधारमा भन्सार कार्यालयको आन्तरिक लेखापरीक्षणबाट राजस्व कम असुल भएको निष्कर्ष निकालिएको भन्दै थप रकम दाखिला गर्न पत्र आएको कम्पनीको भनाइ छ। गाडी बिक्री भइसकेकाले ग्राहकबाट पुनः थप रकम उठाउन सम्भव नरहेको कम्पनीले जनाएको छ। ग्राहकले खरिदका क्रममा तोकिएको मूल्यअनुसार सम्पूर्ण रकम भुक्तानी गरिसकेको उसको भनाइ छ।

आयातकर्ता पक्षले भन्सार मूल्यांकन गर्दा गाडी उत्पादन भएको देश, वास्तविक खरिद मूल्य, ढुवानी खर्च, आयातसम्बन्धी कागजात तथा अन्तर राष्ट्रिय बजारमा कायम मूल्यलगायतका आधारलाई हेर्नुपर्ने तर्क गरेको छ।

आयातकर्ता पक्षले विद्युतीय सवारीसाधनको मूल्य अन्तर्राष्ट्रिय बजारमा निरन्तर परिवर्तन हुने भएकाले केही महिनाअघि आयात भएको समान मोडलको मूल्यलाई आधार बनाएर पछिल्लो आयातमा पनि त्यही मूल्य कायम गर्न खोज्नु व्यावहारिक नहुने जनाएको छ।

विशेषगरी टेस्लाजस्ता अन्तर राष्ट्रिय ब्रान्डका सवारीसाधन विभिन्न उत्पादन केन्द्रबाट उत्पादन हुने र बजारअनुसार मूल्य फरक हुन सक्ने भएकाले प्रत्येक आयातको वास्तविक व्यापारिक कागजातका आधारमा भन्सार मूल्यांकन हुनुपर्ने कम्पनीको भनाइ छ।

आन्दोलनको चेतावनी

थप राजस्वको माग फिर्ता नभए व्यवसायीहरूले आन्दोलनका कार्यक्रम अघि बढाउने चेतावनीसमेत दिएका छन्। जाँचपास भई बिक्रीसमेत भइसकेका गाडीमा पछि गएर ठूलो कर दायित्व सिर्जना हुँदा व्यवसायी र ग्राहक दुवै प्रभावित हुने आयातकर्ता पक्षको भनाइ छ।

व्यवसायीहरूको मुख्य प्रश्न अन्तर राष्ट्रिय बजारमा मूल्य घटेको अवस्थामा भन्सार मूल्यांकन वास्तविक खरिद मूल्यका आधारमा गर्ने कि विगतमा समान मोडलमा कायम भएको आयात मूल्यलाई आधार बनाउने भन्ने विषयमा स्पष्टता हुनुपर्ने रहेको छ।

उत्पादनको देश, वास्तविक खरिद मूल्य, ढुवानी खर्च र सम्बन्धित कागजातका आधारमा भन्सार मूल्यांकन गर्ने स्पष्ट र व्यवहारिक व्यवस्था आवश्यक रहेको आयातकर्ता पक्षको भनाई छ।

# मेची–महाकाली पदयात्रा बारे सांसद सिंहको जनतासँग अर्न्तक्रिया

**टुडे समाचारदाता**

मलंगवा। देशको समृद्धि मागसहित गरिने मेची महाकाली आफ्ना पदयात्रा बारे राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा. अमरेश सिंहले गृह जिल्ला सर्लाहीको सदरमुकाम मलंगवामा जनतासँग आइतवार अन्तरक्रिया गरेका छन्।

छठ पर्वको भोलि पल्टबाट मेची-महाकाली पद यात्रा प्रारम्भ गरने सांसद सिंहले बताएका छन्। स्थानीय मधेशी जनता संग भेटघाट गर्दै उनले सदरमुकाम मलंगवामा मेची-महाकाली पदयात्रा सम्बन्धी अन्तरक्रिया गरेको हो। मधेशलाई थप बुझ्न र मधेशलाई जोड्न पदयात्रा गर्न लागिएको उनले बताएका छन्।

उनले भने, 'मेरो पदयात्राको महत्पुर्ण उदेश्य छ। समाज जोड्नु पर्छ। राजनीति भनेको समाज जोड्नका लागि हो। देशको समृद्धिका लागि हो। अबको एकताको बाटो हुनुपर्छ।



मेरो पदयात्राको मुख्य उदेश्य मधेशमा शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ, सुरक्षा र सरसफाइमा क्रान्तिकारी परिवर्तन ल्याउने रहेको उनले अर्न्तक्रिया कार्यक्रममा स्थानीयलाई बताए।

सो पदयात्राको क्रममा आफू मधेशी जनताको कुरा सुन्ने उनको भनाइ बुझेर सरकारलाई जनताको अपेक्षा अनुसार काम गर्न उचित सल्लाह दिने उद्देश्य रहेको भने। 'पदयात्रा जनताको बीचमा गएर, जनताको कुरा सुन्छु। आफैं कम बोल्छु, जनताको बढी सुन्छु सांसद सिंहको भनाई छ।

मधेशी जनताको अपार सहयोग र मतदानबाट बनेको वर्तमान सरकारले मधेशलाई खासै प्राथमिकतामा नराखेकोले आफुले आफनै सरकारको आलोचना समेत गर्नु परेको उनको भनाई थियो। जब सम्म मधेश समृद्ध बन्दैन तब सम्म देशले गती लिनेछैन, यो कुरालाई सरकारलाई बुझाउन पदयात्रा शुरु गर्न लागिएको उनले बताए।

सांसद सिंहले थप्दै भने मधेशको हुलाकी सडक अहिले पनि पुर्णता पाएको छैन। मेची-महाकाली पदयात्रालाई हुलाकी सडक संग जोडेर वास्तविक अवस्थालाई उजागर गर्ने यस यात्राको मुख्य उदेश्य समेत रहेको छ।

रास्वपाका नगर कमिटि अध्यक्ष रिसन रायको सभापतित्वमा सम्पन्न सो अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी मलंगवा नगर कमिटिका वडा सभापतिहरु जिल्ला कार्य समितिका पदाअधिकारी लगायत मधेश प्रदेश कमिटिका नेताहरुको सहभागिता रहेको थियो।

# गंगासागर छठ पूजा समितिको अध्यक्षमा दास

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामस्थित श्री गंगासागर छठ पूजा समितिको अध्यक्षमा सतीशकुमार लालदास निर्वाचित भएका छन्।

समितिको नयाँ कार्यसमिति चयनका लागि भएको निर्वाचनमा लालदासले १९ मत प्राप्त गरी अध्यक्ष पदमा विजयी भएका हुन् भने निर्वाचनमा अध्यक्ष पदका अन्य उम्मेदवार सोनु निधिले १४ मत र कमलेश दासले ४ मत प्राप्त गरेका थिए। त्यस्तै, उपाध्यक्ष पदमा रामचन्द्र साह २२ मतसहित निर्वाचित भएका छन् भने सन्तोषकुमार गुप्ताले १४ मत प्राप्त गरेका छन्। सहसचिव पदमा महेश खत्वेले २५ मत र मनोज झाले १६ मत प्राप्त गरेको समितिले जनाएको छ।

कोषाध्यक्ष पदमा भने राजकुमार साह र शिवूलाल दासले समान १८-१८ मत प्राप्त गरेपछि उक्त पदमा पुनः निर्वाचन हुने भएको छ।

# कुटपिट गर्नेलाई प्रहरीले पक्राउ नगरेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको कमला नगरपालिका-७ मा जग्गा विवादका कारण बाबुछोरालाई मरणासन्न हुने गरी कुटपिट गरिएको घटनामा प्रहरीले आरोपितलाई पक्राउ नगरेको आरोप लगाइएको छ।

घटनाका पिडीत अवकाशप्राप्त शिक्षक शिवकुमार कौशल र उनका छोरा चन्द्रिका कौशलले यस्तो आरोप लगाएका हुन्। आइतवार जनकपुरधाममा एक पत्रकार सम्मेलन आयोजना गरी पिडीत शिवकुमारले भने जग्गा विवादमा आफू बाबुछोरालाई मरनासन्न गरी कुटपिट गरिएको घटनामा ज्यान मार्ने उद्योग जाहेरी दिएपनि प्रहरीले कुनै चासो लिएको छैन।

उनले भने घटना भएको दिन पनि स्थानीय सिग्याहीं मडान प्रहरी चौकीलाई पटक पटक फोन गर्दा पनि घटनास्थलमा आएन। त्यसपछि जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका एक महिना बित्न लाग्दा पनि कुनै चासो नलिएको पीडा सुनाए।



स्थानीय प्रहरीले आरोपितसँग घुस लिई पक्राउ नगरेको ठाडो आरोप उनले लगाए। शिवकुमारले भने घटनापछि मुख्य आरोपित नवीन कुमार महतोलाई पक्राउ गरेर आधा घण्टासम्म राखेपनि प्रहरीलाई फोन गर्दा आएन। जिल्लामा गुनासो गर्दा स्थानीय प्रहरी चौकीलाई निर्देशन दिइसकेको भनी आलटाल गर्दै आएको छ।

पीडित शिवकुमार कौशलले जिल्ला प्रहरी कार्यालय धनुषामा दिएको जाहेरीअनुसार २०८३ भदौ १५ गते जग्गासम्बन्धी विवादमा छलफल गर्ने भन्दै बोलाएर नवीनकुमार महतोसहितका व्यक्तिले आफूहरूलाई लाठी र ढुंगाले आक्रमण गरेको उनको भनाई छ।

कुटपिटबाट बाबुछोराको शरीरका विभिन्न भागमा चोट लागेको छ भने छोराको हातको हड्डी भाँचिनुका साथै टाउको र कानमा समेत गम्भीर चोट लागेको जाहेरीमा उल्लेख छ। जग्गा सम्बन्धी समान्य विवादमा नवीनकुमार महतोसहित उनका भाई धर्बेन्द्रकुमार महतो र सहयोगी रुपेश महतोले ती बाबुछोरालाई कुटपिट गरिएको भनी जाहेरीमा आरोपित बनाइएको छ।

शिवकुमारले आफ्नो ८ कट्ठा ४ धुर जग्गा बेच्न खोज्दा दुई कट्ठा जग्गा नै घटेपछि सँगै रहेका स्थानीय मन्दिरको जग्गामा गएको भनी विवाद भएको थियो। मन्दिरको सो जग्गा आफूले भोग चलन गर्दै आएको र ती जग्गा मन्दिरमा नआएको भनी नवीनले दाबीले दाबी गर्दा विवाद उत्पन्न भएको थियो।

सो जग्गा नापनक्साका लागि स्थानीयस्तरमा छलफल हुँदा नवीन, उनका भाई धर्बेन्द्र र उनका साथी रुपेशले योजनाबद्ध तरिकाले जग्गामा बोलाई कुटपिट गरेको शिवकुमारको आरोप रहेको छ।


**गौशाला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गौशाला, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**धरौटी रकम दाबी गर्न आउने सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१९**

यस गौशाला नगरपालिकाको धरौटी खातामा विगत विभिन्न आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता, फर्म, कम्पनी तथा अन्य व्यक्ति वा संस्थाका नाममा जम्मा भएको तर हालसम्म फिर्ता लिन बाँकी रहेको धरौटी रकममध्ये नाम, नामेसी तथा प्रयोजन नखुलेको धरौटी रकम र निर्माण कार्यको दोष सच्याउने अवधि (Defects Liability Period–DLP) समाप्त भई फिर्ता लिन योग्य रहेको धरौटी रकम सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाले हालसम्म दाबी गर्न नआएको हुँदा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

अतः सम्बन्धित धरौटी रकमका हकदार व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र धरौटी रकम दाबी गर्नुपर्ने आधार तथा प्रमाणसहित यस नगरपालिकाको आर्थिक प्रशासन शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ।

**दाबी गर्दा देहायका कागजातहरू संलग्न गर्नुपर्नेछः**

१. धरौटी रकम जम्मा गरेको नगदी रसिद वा बैंक भौचरको प्रतिलिपि।
२. धरौटी रकमसँग सम्बन्धित सम्झौता, कार्यादेश, बिल, भुक्तानी विवरण वा अन्य प्रमाणित कागजात।
३. व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा फर्म वा कम्पनी भए दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) र अधिकारप्राप्त प्रतिनिधिको परिचय खुल्ने कागजात।
४. धरौटी रकम फिर्ता माग गर्ने निवेदन तथा बैंक खाताको विवरण।
५. निर्माण कार्यको धरौटी भए कार्य सम्पन्न भएको प्रमाणपत्र, मीए समाप्त भएको प्रमाण वा सम्बन्धित प्राविधिक शाखाको सिफारिस।

तोकिएको म्यादभित्र प्रमाणसहित दाबी पेश हुन नआएमा प्रचलित कानूनबमोजिम आवश्यक छानबिन तथा प्रक्रिया पूरा गरी सम्बन्धित धरौटी रकम राजस्व खातामा दाखिला गर्ने वा सदरस्याहा गर्ने कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

थप जानकारीका लागि गौशाला नगरपालिकाको आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कांग्रेसको महाधिवेशन, समेटिएन इतर

नेपाली कांग्रेसको १५ औं महाधिवेशन प्रारम्भ भएको छ । कांग्रेसको महाधिवेशन धुमधामका साथ प्रारम्भ भए पनि सिंगो कांग्रेसको महाधिवेशन होइन । संस्थापन इतर पक्षले छुट्टै महाधिवेशनको प्रक्रिया अगाडि बढाएको छ। कांग्रेस इतर पक्षले वडा समितिको अधिवेशन टुंग्याउँदै पालिका अधिवेशनको तयारी थालेको छ। असोजको घटनास्थापना अगावै इतर पक्षको महाधिवेशन सम्पन्न गर्ने कार्यतालिका सार्वजनिक भइसकेको छ। संस्थापन पक्षको महाधिवेशन सकिएको २४ घण्टा बितेलगत्तै इतर पक्षको महाधिवेशन प्रारम्भ हुनेछ । नेपालमा प्रजातान्त्रिक आन्दोलन गर्ने दलहरु मध्ये नेपाली कांग्रेस सबैभन्दा जेठो पार्टी हो। तर कयौं पटक विभाजन भएको कांग्रेस पार्टी फेरि विभाजित भएको छ । संस्थापन पक्षका सभापति गगन कुमार थापा फेरि सभापति हुने निश्चित छ । तर इतर पक्षमा सभापतिका लागि हानथाप भइरहेको छ । पछिल्लो संसदीय आम निर्वाचनमा नेपाली कांग्रेस विभाजित थिएन। देउवा पक्षधर नेताहरुले पनि थापाको हस्ताक्षर सहितको टिकटमा रुख छापबाट नै चुनाव लडेका थिए। उनीहरुले चुनाव जित्न सकेन। केही नेताहरुले भने थापाको टिकटमा चुनावमा भाग लिएनन् । अहिले नेताहरुले आफ्नो कित्ता प्रष्ट गरेका छन् । संस्थापन पक्षमा रहेका नेताहरुले १८ गतेदेखि प्रारम्भ भएको महाधिवेशनमा सक्रिय सहभागिता जनाएका छन्। इतर पक्षले २१ असोजदेखि हुने महाधिवेशनको तयारी गरिरहेको छ । नेपाली कांग्रेसको विभाजनले पार्टी निकै कमजोर भएको छ । इतर पक्षलाई संस्थापन पक्षले कल्पना गरे जस्तो कमजोर देखिदैन। भेट्रान नेताहरुको समूह रहेको देउवा पक्ष कमजोर होइन। अहिलेको विभाजनले कांग्रेसलाई आगामी स्थानीय र प्रादेशिक चुनावमा गम्भीर असर पार्ने निश्चित छ। संस्थापन पक्षका नेताहरुले अझै लचिलो भएर इतर पक्षलाई समेटने प्रयास गर्नुपर्ने थियो। इतर पक्षलाई समेट्ने दायित्व संस्थापन पक्षकै थियो। संस्थापन पक्षले इतर पक्षलाई समेटने प्रयास नगरेको होइन। संस्थापन पक्षको प्रयास सफल हुन नसके पनि विभाजनको क्षतिलाई न्यून गर्न अझै लचिलो भएर लाग्नु पर्ने थियो। देशमा जेन-जीको शासन छ। युवाहरु वृद्ध नेताको पक्षमा लाग्न चाहेका छैनन्। उनीहरुले देशलाई बनाउने जिम्मेवारी युवाको काँधमा नै रहेको महसुस गरिरहेका छन्। नेपाली कांग्रेस, एमाले र नेपाल कम्युनिष्ट पार्टीमा पनि युवाहरुले पुराना नेतालाई संरक्षक, सम्मानित नेताको भूमिकामा मात्र स्थान दिन चाहिरहेका छन्। त्यो अस्वभाविक होइन। देशको ३६ वर्षीय प्रधानमन्त्रीलाई टक्कर दिन सक्ने त्यही उमेर समूहका नेताहरु अन्य दलमा पनि हुन आवश्यक छ। सकारात्मक सोचविचार भएका युवाहरुले देशलाई द्रुतगतिमा अगाडि बढाउन सक्छन्। कांग्रेसमा पनि पुराना नेताहरुले युवाहरुको नेतृत्वलाई स्वीकार गर्दै सम्मानित भूमिकामा रहनु पर्ने थियो। तर चरम महत्वाकांक्षाको कारण कांग्रेस विभाजित भएको छ।

# स्थानीय सरकारलाई सक्षम बनाउन कर्मचारी व्यवस्थापनमा सुधार आवश्यक



ई. सत्यनारायण साह

### पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअन्तर्गत संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार भएकाले यसलाई स्थानीय विकास, पूर्वाधार निर्माण, सार्वजनिक सेवा प्रवाह, शिक्षा, स्वास्थ्य, कृषि, स्थानीय आर्थिक विकास, वातावरण संरक्षण, राजस्व, सार्वजनिक खरिद, आयोजना व्यवस्थापन तथा विभिन्न प्रशासनिक र नियामक कार्यको जिम्मेवारी दिइएको छ।

हाल नेपालमा ७५३ स्थानीय तह–६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका–छन्। यी जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न निर्वाचित जनप्रतिनिधिसँगै दक्ष, अनुभवी, प्रशिक्षित र उत्तरदायी प्रशासनिक जनशक्ति आवश्यक हुन्छ।

तर स्थानीय तहमा कर्मचारी पदस्थापन गर्दा सम्बन्धित स्थानीय तहको कार्यप्रकृति, भौगोलिक अवस्था, प्रशासनिक जटिलता, विकास आयोजना, सार्वजनिक खरिदको आवश्यकता तथा कर्मचारीको पूर्वअनुभव र विशेष दक्षताबीच पर्याप्त मिलान हुन नसकेको अवस्था देखिन्छ। यसले संस्थागत क्षमता र सेवा प्रवाहमा असर पार्न सक्ने भएकाले कर्मचारी व्यवस्थापन प्रणालीमा सुधार आवश्यक छ।

### समस्याको स्वरूप र चुनौती

स्थानीय तहको प्रशासनिक नेतृत्वमा रहने प्रमुख प्रशासकीय अधिकृत तथा अन्य प्रमुख कर्मचारीले एकैसाथ योजना तथा बजेट, सार्वजनिक खरिद, निर्माण तथा सम्झौता व्यवस्थापन, आयोजना कार्यान्वयन, वित्तीय व्यवस्थापन, राजस्व, बेरुजु तथा लेखापरीक्षण, मानव संसाधन, स्थानीय कानून, विवाद तथा गुनासो व्यवस्थापन, अन्तरसरकारी समन्वय र सार्वजनिक सेवा प्रवाहजस्ता बहुआयामिक जिम्मेवारी सम्हाल्नुपर्छ। त्यसैले पदस्थापन केवल "पद रिक्त छ, कर्मचारी पठाउने" प्रक्रियामा सीमित हुनु उपयुक्त हुँदैन।

विशेषतः गाउँपालिका र दुर्गम स्थानीय तहमा प्राविधिक जनशक्ति सीमित, आयोजना व्यवस्थापन क्षमता कमजोर, सार्वजनिक खरिद तथा सम्झौता व्यवस्थापनको अनुभव अपर्याप्त र भौगोलिक कठिनाइका कारण अनुगमन चुनौतीपूर्ण हुन सक्छ। अनुभवी कर्मचारीलाई लामो समय टिकाइराख्न पनि कठिनाइ हुन सक्छ। यस्तो अवस्थामा प्रमुख प्रशासनिक कर्मचारीले व्यवस्थापक मात्र नभई संस्थागत क्षमता निर्माण गर्ने नेतृत्वकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

कर्मचारी व्यवस्थापनका प्रमुख चुनौतीमा दक्षता-आधारित पदस्थापनको अपर्याप्त प्रयोग, स्थानीय शासनसम्बन्धी विशेष अभिमुखीकरणको अभाव, सार्वजनिक खरिद तथा Contract Management मा कमजोरी, बारम्बार सरुवा र त्यसबाट हुने संस्थागत स्मृतिको क्षति तथा दुर्गम क्षेत्रमा अनुभवी कर्मचारी आकर्षित गर्न पर्याप्त प्रोत्साहनको अभाव पर्दछन्।

### यसको प्रभाव

दक्षता र अनुभवअनुसार कर्मचारी व्यवस्थापन हुन नसक्दा आयोजना कार्यान्वयनमा ढिलाइ, सार्वजनिक खरिद प्रक्रियामा त्रुटि, सम्झौता व्यवस्थापनमा कमजोरी, ठेक्का तथा निर्माणसम्बन्धी विवाद, बेरुजु तथा वित्तीय जोखिम, सेवा प्रवाहमा ढिलाइ र निर्णय प्रक्रियामा अनावश्यक निर्भरता जस्ता समस्या उत्पन्न हुन सक्छन्। यसले संस्थागत क्षमता, जनप्रतिनिधि र प्रशासनबीचको समन्वय तथा स्थानीय सरकारप्रतिको नागरिक विश्वासमा समेत असर पार्न सक्छ।

त्यसैले स्थानीय तहको कर्मचारी व्यवस्थापनलाई केवल प्रशासनिक विषयका रूपमा नभई सुशासन, विकास व्यवस्थापन र सेवा प्रवाहसँग जोडिएको रणनीतिक विषयका रूपमा लिन आवश्यक छ।

### स्थानीय तहका लागि विशेष दक्ष जनशक्ति किन आवश्यक छ?

स्थानीय सरकारको काम सामान्य प्रशासन सञ्चालनमा मात्र सीमित छैन। प्रमुख प्रशासनिक नेतृत्वले प्रशासन, योजना, बजेट, सार्वजनिक खरिद, ठेक्का तथा सम्झौता व्यवस्थापन, राजस्व, लेखा, पूर्वाधार आयोजना, मानव संसाधन, अन्तरसरकारी समन्वय र कानुनी विषयमा निर्णय तथा समन्वय गर्नुपर्ने हुन्छ।

यसका लागि सार्वजनिक प्रशासनसँगै सार्वजनिक खरिद, आयोजना तथा सम्झौता व्यवस्थापन, वित्तीय व्यवस्थापन, स्थानीय कानून, विवाद व्यवस्थापन र सुशासनसम्बन्धी व्यावहारिक ज्ञान आवश्यक हुन्छ। विशेषतः विकास निर्माणको ठूलो हिस्सा स्थानीय तहबाट कार्यान्वयन हुने भएकाले Procurement and Contract Management को दक्षता महत्वपूर्ण छ। सक्षम सम्झौता व्यवस्थापनले आयोजना ढिलाइ, लागत वृद्धि र विवादको जोखिम घटाउन मद्दत गर्छ।

### सुधारको प्रस्ताव : स्थानीय शासन विशेष दक्षता प्रणाली

स्थानीय तहलाई दीर्घकालीन रूपमा सक्षम बनाउन संघीय सरकारले विद्यमान निजामती सेवाभित्र "स्थानीय शासन विशेष दक्षता प्रणाली" (Local Governance Professional Competency System) विकास गर्न सक्छ।




यसका लागि छुट्टै नयाँ सेवा वा उपसमूह गठन गर्नैपर्ने होइन; विद्यमान कानुनी तथा प्रशासनिक संरचनाको अध्ययन गरी विशेष उपसमूह, दक्षता-आधारित करियर ट्र्याक वा प्रमाणित तालिम प्रणालीमध्ये उपयुक्त मोडेल छनोट गर्न सकिन्छ।

यस प्रणालीको आधार "Right Person + Right Competency + Right Local Level + Right Responsibility + Right Time" हुनुपर्छ। अर्थात् कर्मचारीको योग्यता, अनुभव, तालिम, विशेषज्ञता र नेतृत्व क्षमतालाई सम्बन्धित स्थानीय तहको आवश्यकता र जटिलतासँग मिलान गरिनुपर्छ।

### मुख्य दक्षता क्षेत्र र पदस्थापनपूर्व तालिम

स्थानीय तहका प्रशासनिक नेतृत्वका लागि निम्न दक्षता क्षेत्रलाई आधार बनाउन सकिन्छः स्थानीय शासन तथा अन्तरसरकारी सम्बन्ध; सार्वजनिक खरिद; Contract Management; आयोजना व्यवस्थापन; वित्तीय व्यवस्थापन; कानुनी तथा नियामक व्यवस्थापन; विवाद तथा गुनासो व्यवस्थापन; डिजिटल शासन; नेतृत्व, नैतिकता र समन्वय।

प्रमुख प्रशासनिक जिम्मेवारीमा पदस्थापन गर्नुअघि निश्चित अवधिको Local Government Management Programme (LGMP) सञ्चालन गर्न सकिन्छ। तालिम सैद्धान्तिक मात्र नभई case study र practical exercise मा आधारित हुनुपर्छ। यसको मुख्य विषयमा Local Government System, Public Procurement, Contract Administration, Infrastructure Project Management, Financial Management & Audit, Local Law, Dispute Prevention & Resolution, Leadership, Ethics & Good Governance तथा Digital Local Government समावेश गर्न सकिन्छ। तालिम तथा competency assessment पूरा गरेपछि Competency Certification प्रदान गर्न सकिन्छ।

### स्थानीय तहको वर्गीकरण र आवश्यकताअनुसार पदस्थापन

महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका आवश्यकता समान हुँदैनन्। त्यसैले प्रशासनिक तथा विकास कार्यको जटिलताका आधारमा स्थानीय तहलाई वर्गीकरण गरी प्रत्येक श्रेणीका लागि आवश्यक अनुभव र दक्षताको न्यूनतम मापदण्ड निर्धारण गर्न सकिन्छ।

उदाहरणका रूपमा Category A मा महानगरपालिका तथा अत्यधिक जटिल ठूला नगरपालिका, Category B मा उपमहानगरपालिका तथा मध्यम/ठूला नगरपालिका, Category C मा सामान्य नगरपालिका र Category D मा दुर्गम तथा ग्रामीण गाउँपालिका राख्न सकिन्छ। यस आधारमा "Right Person for the Right Local Government" अवधारणालाई पदस्थापनको आधार बनाउन सकिन्छ।

### गाउपालिका तथा दुर्गम स्थानीय तहका लागि विशेष व्यवस्था

दुर्गम तथा ग्रामीण स्थानीय तहमा दक्ष कर्मचारी आकर्षित र टिकाइराख्न अतिरिक्त प्रोत्साहन, विशेष कार्यसम्पादन अंक, करियरमा उचित प्राथमिकता, आवास तथा यातायात सुविधा, नियमित professional support र remote technical assistance जस्ता व्यवस्था गर्न सकिन्छ।

साथै, स्थानीय तहमा पदस्थापन भएका प्रमुख प्रशासनिक कर्मचारीलाई अत्यावश्यक अवस्थाबाहेक न्यूनतम कार्यकाल पूरा नगरी सरुवा नगर्ने नीति उपयोगी हुन सक्छ। बारम्बार नेतृत्व परिवर्तनले नयाँ कर्मचारीसँग नयाँ बुझाइ र प्रक्रिया आउने तथा संस्थागत स्मृति कमजोर हुने जोखिम बढाउँछ।

### Mentoring तथा Professional Support

कमजोर क्षमता भएका स्थानीय तहका लागि संघीय सरकारले Local Government Professional Support Pool स्थापना गर्न सक्छ। यसमा अनुभवी प्रशासक, सार्वजनिक खरिद विज्ञ, इन्जिनियर, वित्तीय व्यवस्थापन विशेषज्ञ, कानुनी विज्ञ तथा Contract Management विशेषज्ञलाई समावेश गरी आवश्यकताअनुसार प्राविधिक सहयोग उपलब्ध गराउन सकिन्छ। यसबाट प्रत्येक स्थानीय तहले छुट्टाछुट्टै महँगो विशेषज्ञ सेवा खरिद गर्नुपर्ने आवश्यकता पनि घटाउन सकिन्छ।

### कार्यसम्पादनमा आधारित मूल्यांकन

स्थानीय तहमा कार्यरत प्रमुख प्रशासनिक कर्मचारीको मूल्यांकन केवल प्रशासनिक प्रक्रियामा आधारित नभई परिणाममुखी Performance Indicators मा आधारित हुनुपर्छ। बजेट कार्यान्वयन, आयोजना कार्यान्वयनको समय-लागत-गुणस्तर, सार्वजनिक खरिदको समयपालना, बेरुजु न्यूनीकरण तथा फछ्र्योट, सेवा प्रवाह, नागरिक सन्तुष्टि, सम्झौता तथा दाबी/विवाद व्यवस्थापन, पारदर्शिता र अभिलेख व्यवस्थापनजस्ता सूचक उपयोगी हुन सक्छन्।

तर स्थानीय तहको प्रकृति र स्रोत फरक हुने भएकाले सबै स्थानीय तहमा एउटै सूचक समान रूपमा लागू गर्नु उपयुक्त हुँदैन।

### कार्यान्वयनको चरण

सुधार कार्यक्रमलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्न सकिन्छः

१. स्थानीय तहको कर्मचारी आवश्यकता र विद्यमान दक्षताको अध्ययन।
२. प्रत्येक प्रकारका स्थानीय तहका लागि Competency Framework निर्माण।
३. विशेष Local Governance Management Programme विकास।
४. तालिम तथा competency assessment पछि Certification।
५. प्रमाणित कर्मचारीलाई आवश्यकता र दक्षताका आधारमा Placement।
६. निश्चित अवधिमा Performance Review।
७. प्रत्येक २-३ वर्षमा refresher तथा advanced training सहित Continuous Professional Development।

यस कार्यक्रमको समन्वयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नीति, कर्मचारी व्यवस्थापन र समन्वयको नेतृत्व गर्न सक्छ। प्रदेश सरकारले क्षमता विकास तथा सहजीकरण, PPMO ले सार्वजनिक खरिद तथा Contract Management सम्बन्धी दक्षता विकास र सम्बन्धित प्रशिक्षण संस्थाहरूले professional development मा सहयोग गर्न सक्छन्। स्थानीय तहले आफ्नो आवश्यकता पहिचान, कार्यसम्पादन र संस्थागत सुधारमा भूमिका निर्वाह गर्नुपर्छ।

### नीतिगत सिफारिस

स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धिका लागि निम्न सुधारलाई प्राथमिकतामा राख्न सकिन्छः

- Competency–Based Human Resource Management Framework तयार गर्ने।
- प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासनिक जिम्मेवारीमा पदस्थापन हुने कर्मचारीका लागि अनिवार्य Local Governance Professional Training लागू गर्ने।
- Public Procurement, Project Management तथा Contract Management लाई प्रमुख दक्षता क्षेत्र बनाउने।
- गाउँपालिका तथा दुर्गम स्थानीय तहमा अनुभवी कर्मचारी आकर्षित गर्न विशेष प्रोत्साहन प्रणाली लागू गर्ने।
- प्रमुख प्रशासनिक कर्मचारीको न्यूनतम कार्यकाल सुनिश्चित गर्ने।
- स्थानीय तहमा प्राप्त अनुभवलाई career progression सँग जोड्ने।
- कमजोर क्षमता भएका स्थानीय तहका लागि Professional Support Pool स्थापना गर्ने।
- कर्मचारीको कार्यसम्पादन मूल्यांकनलाई परिणाम र सेवा प्रवाहसँग जोड्ने।

### निष्कर्ष : अबको बाटो

नेपालको संघीय शासन प्रणालीको वास्तविक सफलता स्थानीय सरकारको क्षमता, विश्वसनीयता र सेवा प्रवाहबाट मापन हुन्छ। स्थानीय तहलाई अधिकार, बजेट र जिम्मेवारी हस्तान्तरण गर्नु संघीयताको महत्वपूर्ण पक्ष हो; तर ती जिम्मेवारी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्ने दक्ष, अनुभवी, प्रशिक्षित र उत्तरदायी जनशक्ति निर्माण गर्नु पनि उत्तिकै आवश्यक छ।

स्थानीय सरकार बलियो बनाउन केवल संरचना, भवन र बजेट पर्याप्त हुँदैन। संस्थागत क्षमता, व्यावसायिक दक्षता र प्रशासनिक नेतृत्वको गुणस्तरमा समान रूपमा लगानी गर्नुपर्छ। विशेषतः गाउँपालिका र दुर्गम स्थानीय तहलाई अनुभवहीन कर्मचारीको पहिलो पदस्थापनको स्थान बनाउने परम्पराभन्दा क्षमता, अनुभव र आवश्यकताका आधारमा पदस्थापन गर्ने प्रणाली विकास गर्नु आवश्यक छ।

अन्ततः स्थानीय सरकारलाई सक्षम, स्वायत्त, जवाफदेही र परिणाममुखी बनाउन कर्मचारी व्यवस्थापनलाई प्राथमिक सुधारको क्षेत्र बनाइनुपर्छ। यसको मूल आधार हुनुपर्छ–विशेषज्ञता-आधारित कर्मचारी व्यवस्थापन, पदस्थापनपूर्व अनिवार्य अभिमुखीकरण, competency certification, न्यूनतम कार्यकाल, परिणाममुखी कार्यसम्पादन मूल्यांकन र निरन्तर professional development।

"स्थानीय सरकार बलियो बनाउने हो भने अधिकार र बजेटसँगै दक्षता पनि स्थानीय तहमा पुर्याउनुपर्छ।"

# संसद् पुनर्स्थापना मुद्दा ओलीको अर्को बचकना हर्कत



दामोदर अर्याल

हाम्रोजस्तो अल्पविकसित मुलुकहरूमा कतिपय राजनीतिज्ञहरूले कहिलेकाहीँ आश्चर्यजनक र 'बचकना' निर्णयहरू गर्ने गर्छन् ।

यसै सन्दर्भमा भारतको एउटा उदाहरण लिन सकिन्छ । त्यहाँको तत्कालीन सरकारले सन् १९७५ देखि १९७७ सम्म राष्ट्रिय आपत्काल घोषणा गरेको थियो । त्यस्तो घोषणा गर्ने भारतीय सरकारको प्रधानमन्त्री थिइन-श्रीमती इन्दिरा गान्धी । त्यो समयमा उनले ठानिन् कि भारतको जनसङ्ख्या बलपूर्वक नियन्त्रण गर्नुपर्छ ।

त्यसका लागि इन्दिरा सरकारले नसबन्दी (भ्यासेकटोमी) कार्यक्रमको घोषणा गऱ्यो । कार्यक्रमको सफलताका लागि पुरुषहरूको जबरजस्ती बन्ध्याकरण गर्न सिङ्गो राज्य लाग्यो । भनिन्छ, त्यसबेला करिब ८० लाख पुरुषहरूको जबरजस्ती नसबन्दी गरियो, त्यो कार्यक्रमलाई भारतीय इतिहासकै सबैभन्दा विवादास्पद कठोर कार्यक्रम भनेर चिनिने गरिएको छ ।

परिणामस्वरूप सन् १९७७ को आमनिर्वाचनमा इन्दिरा गान्धीको पार्टी (कांग्रेस) ले लज्जास्पद पराजय भोग्नुपऱ्यो ।

ठिक त्यसैगरी नेपालमा पनि गएको वर्ष सामाजिक सञ्जाल बन्द गर्नेजस्तो अनावश्यक कार्यक्रम घोषणा गर्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई रहर जाग्यो । उनको त्यो अनावश्यक रहरबाट उत्पन्न सनकलाई कार्यान्वयन गर्न ओली सरकारले सामाजिक सञ्जाल त केही समय बन्द गऱ्यो, तर त्यसबाट उत्पन्न परिणामको क्षतिपूर्ति तिर्न नेपाललाई करिब ५० वर्ष लाग्न सक्छ ।

जेनजी आन्दोलनका नाममा त्यो आन्दोलनमा घुसेका घुसपैठियाहरूले मुलुकलाई कति नोक्सानी गरे भन्ने कुरा छलफलकै विषय बन्ला ।थप छलफल पनि हुँदै जाला, तर त्यो परिस्थिति निर्माणको प्रमुख कारक तत्त्व भनेको ओली नै हुन् र उनकै सनक थियो भन्न थप प्रमाण खोजिरहन पर्दैन । परिणामस्वरूप उनी आफै पनि प्रधानमन्त्री निवासबाट हेलिकप्टर चढेर भाग्न बाध्य भए । सत्ता नै परिवर्तन भयो । जननिर्वाचित संसद् विघटन भयो । सिंहदरबार, राष्ट्रपति भवन र सर्वोच्च अदालतलगायत हजारौं सरकारी कार्यालयहरू मात्र होइन, निजी घर, व्यापारिक संस्थान र कारखानाहरू समेत धुवाँ र खरानी बनेर उडे ।

एउटा नेताको सनक, बहुलठ्ठीपन र गलत निर्णयका कारण मुलुकले कति घाटा बेहोर्नपर्छ भन्ने कुराको यो एउटा ताजा उदाहरण हो ।

केपीको त्यो सनकले उनको आफ्नै पार्टी एमाले पनि उठ्नै नसक्ने गरी थला परेको छ । त्यतिमात्र होइन, उनको सनकको क्षतिपूर्ति तिर्न समग्र वाम आन्दोलन नै बाध्य भयो । लोकतान्त्रिक आन्दोलनसमेत बदनाम हुनबाट जोगिन सकेन, राज्यको खरबौं रुपैयाँ नोक्सान भएको छ ।

राज्यलाई यो तहको नोक्सान पार्ने र पार्टीलाई यो तहको बदनाम गराउने काम चिनियाँ कम्युनिस्ट पार्टीको कुनै एउटा नेताले गरेको भए त्यो पार्टीले त्यस्तो नेतालाई कस्तो सजाय दिन्थ्यो होला ? त्यो सजाय हामी सहजै अनुमान गर्न सक्छौं, किनकि हामीलाई थाहा छ, चीनमा दिइने सजायका अनेकौं प्रकारहरूमा अधिकतम मृत्युदण्डसमेत रहेको छ ।

नेपालको राजनीतिक वृत्त र आम जनताको नजरमा केपी ओली पाहा पछारिएझैं पछारिएका छन् । तथापि उनको सनकमा आज पनि कुनै कमी आएको देखिँदैन । हालै सम्पन्न भएको एमाले पार्टीको केन्द्रीय कमिटी बैठकमा उनले प्रस्तुत गरेको प्रतिवेदनमा लामो समयदेखि सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको 'संसद् पुनर्स्थापना सम्बन्धी मुद्दालाई छिटो र न्यायपूर्ण ढङ्गले टुङ्ग्याउन अदालतलाई आह्वान' भनेर उल्लेख गरे । यो भनेको जेन्जी आन्दोलनपश्चात् गठन गरिएको सरकार, त्यसले गरेको निर्वाचन र प्राप्त परिणामको अस्वीकृति हो ।नेपालको इतिहासमा गैरसंवैधानिक ढङ्गले दुई-दुई पटक संसद् विघटन गर्ने केपी ओली आफै रहेको जगजाहेर छ । यस्तो तथ्य नबिर्सिँदै पछिल्लो संसद् विघटनका मामिलामा ओलीलाई प्रश्न गर्ने नैतिक अधिकार नै छैन ।

त्यसबाहेक ओली र उनको पार्टी एमालेले समेत चुनावमा भाग लिइसकेको अवस्था हो । यदि त्यो चुनाव असंवैधानिक छ भन्ने ओलीलाई लागेको भए त्यस्तो संविधानविपरीत चुनावमा किन भाग लिएको ? चुनावमा भाग लिने अनि कन्तबिजोक हुने गरी पराजित भएपछि त्यो चुनाव मान्दिनँ, असंवैधानिक भयो भन्ने तर्क लोकतान्त्रिक पार्टी र मुलुकले गर्न उचित हुँदैन ।

संसद् भङ्ग भई सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । त्यही कार्की नेतृत्वको सरकारले नयाँ निर्वाचन गरेर नयाँ संसद्मार्फत नयाँ सरकार गठन भएको पनि ६ महिना बितिसकेको छ । तर, अहिले आएर ओली निन्द्राबाट ब्युँझेर पुरानो संसद् ब्युँताउन अदालतलाई आह्वान गर्दैछन् ।

ओली निन्द्राबाट ब्युझेका हुन् कि अथवा नयाँ प्रकारको सनक उत्पन्न भएको हो ? यसको ठ्याक्कै उत्तर त भन्न सकिँदैन, तर यो पङ्क्तिकार निर्धक्क भन्छ, कथंमकदाचित पुरानो संसद् अदालतले ब्युँतायो भने त्योचाहिँ सहन नसकिने प्रतिगमन हो भनेर भन्न कठिन छैन । त्यतिमात्रै नभएर जनमतको अपमान पनि मानिन्छ ।

एमालेलाई उसको आन्तरिक मामिलामा कसैले धेरै सल्लाह दिन सकिँदैन । आवश्यक पनि छैन, तर एउटा समाज परिवर्तन गर्ने भनिएको पार्टीका कतिपय निर्णयले मुलुकलाई क्षति पुग्ने आशङ्का हुँदा नागरिकले चासो र सरोकार राख्न जरुरी हुन्छ ।

हिजो युवाहरूले, नागरिक समाजले र कैयौं राजनीतिक पार्टीहरूले हठात् र सनकको भरमा सामाजिक सञ्जाल बन्द नगरियोस् भनेर केपी ओलीलाई आग्रह गरेकै थिए । तर उनले मानेनन् । त्यसबाट उत्पन्न भएको परिणामले हाम्रो मुलुक, हाम्रो संविधान, हाम्रो सार्वभौमसत्ता र हाम्रो लोकतान्त्रिक पद्धतिमा नै गम्भीर धक्का बेहोर्नुपऱ्यो ।

ठिक त्यसैगरी ६ महिनाअघि भएको निर्वाचन र त्यसबाट उत्पन्न भएको संसद् र सरकारविरुद्ध एमालेले आफ्नो दस्तावेजमा उल्लेख गरेर अस्वीकार गर्ने प्रयत्नले सिङ्गो मुलुक गृहयुद्धमा समेत जान सक्छ ।

त्यसबाट उत्पन्न हुने परिणामले सिङ्गो मुलुक र जनता प्रभावित हुनेछन् । त्यसैले अन्य राजनीतिक दल र नागरिक समाजले समेत एमालेको त्यो गलत र पूर्वाग्रही निर्णयलाई खबरदारी गर्न आवश्यक छ । किनभने केपीको सनकमा मुलुकले अब थप क्षति बोक्न सक्दैन ।

अझै पनि एमाले पार्टी आफूलाई वामपन्थी आन्दोलनको एउटा सदस्य ठान्दछ । उसका निर्णयहरूले सिङ्गो वाम आन्दोलन बदनाम छ । थप बदनाम हुन नदिन अन्य वामपन्थी पार्टीहरूले पनि एमालेलाई खबरदारी गर्नैपर्छ । या त उसले हामी वाम आन्दोलनको सदस्य होइन भन्न सक्नुपर्छ । अन्यथा निर्वाचित संसद्लाई निरन्तर भङ्ग गरिरहने वा भङ्ग गर्न प्रयत्न गर्ने प्रकारका निर्णयहरूलाई सुझबुझपूर्ण बुझ्न नसकिए अर्को दुर्घटना नजिक आउनसक्छ ।हालको सत्तारुढ दल रास्वपासँग अनेकौं प्रकारका मतभेदहरू हुन सक्छन् । सरकार सञ्चालन र उसका नीति कार्यक्रमहरूको गुण र दोषका आधारमा विरोध र समर्थन गर्न सकिन्छ । तर यसबेला आएर निर्वाचन परिणामलाई अस्वीकार गर्नु भनेको रास्वपाको विरोध मात्र होइन, त्यो त नेपाली जनमतको ठाडो अपमान हो ।

लोकतन्त्रमा विश्वास गर्ने एउटा वामपन्थी पार्टीले जनमतलाई अस्वीकार गर्ने धृष्टता गर्नै सक्दैन ।

मदन भण्डारीले २०४८ सालमा एउटा कार्यक्रमलाई सम्बोधन गर्दै भन्नुभएको थियो, 'जनताले पिर्कामा राखे पनि पिँढीमा राखे पनि हामी त्यो ठाउँमा बसेर जनताको सेवा गर्न तयार छौं ।'

केपी ओलीले आफ्नो राजनैतिक प्रतिवेदनमा वर्तमान संसद्लाई भङ्ग गरी पुरानो संसद्लाई ब्युँताउन अदालतलाई आग्रह गरेको प्रस्ताव केन्द्रीय कमिटीमा ल्याउँदा वा त्यो प्रयत्नका लागि आन्दोलनमा जानुपर्छ भनिरहँदा आफूलाई कम्युनिस्ट नै ठान्ने एमाले केन्द्रीय सदस्यहरूले प्रतिवाद गर्नु पर्दैन ? नेपालले भारतको जमिन मिचेको छ भनेर बालेन्द्र शाहले संसद्मा बोल्दा ताली पिट्ने रास्वपा सांसदहरू र एमाले केन्द्रीय सदस्यहरूमा भिन्नता त देखिनु पर्छ कि पर्दैन ?

त्यसकारण के भन्न सकिन्छ भने केपी ओलीमा फेरि एकचोटि सनक उम्लिएको छ र त्यो सनक मुलुकको हितमा छैन । ओली एकपछि अर्को 'बचकना' निर्णयहरू गर्दैछन् । एमालेका नेता तथा कार्यकर्ताहरूले मुलुकको हितमा, वामपन्थी आन्दोलनको हितमा र स्वयं एमाले पार्टीकै हितमा पनि आफ्नो सुप्रिमोको लहड र बचकना निर्णय वा त्यस्तो प्रयत्नको प्रतिवाद गर्न ढिलो नगरुन् ।

अन्यथा एमाले अध्यक्ष जो प्रधानमन्त्री पनि थिए, उनले सामाजिक सञ्जाल बन्द गर्ने सनकी निर्णय गर्दा मुलुक जल्यो, ठिक त्यसैगरी वर्तमान निर्वाचित संसद्विरुद्ध उभिने र पुरानो संसद् खोज्ने आशयले मुलुक थप अनिष्टतर्फ जान सक्छ । त्यो बेलामा मुलुक जोगाउन त सबै नेपाली एक ठाउँमा उभिएलान्, तर एमाले जोगाउन भने चरो मुसो पनि आउनेवाला छैनन् । त्यतिखेर इतिहासको एउटा गर्तमा एमाले भन्ने पार्टी फ्याँकिने छ । समय छँदै होस गर्न एमाले नेता तथा कार्यकर्ताहरूलाई हामी सबैले आह्वान गरौं । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको हो ।

# लोकतन्त्रका पक्षमा गरेको संघर्षलाई नयाँ पुस्तासँग जोडेर आघि बढ्नुपर्ने : कांग्रेस उपसभापति शर्मा

काठमाण्डु। नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले जननायक बिपी कोइरालाको नेतृत्वमा स्थापित कांग्रेसले लोकतन्त्रका लागि गरेको संघर्षलाई नयाँ पुस्तासँग जोडेर अघि बढ्नुपर्ने बताउनुभएको छ।

कांग्रेसको १५औँ महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले ८० वर्षको इतिहास बोकेको कांग्रेसले लोकतान्त्रिक आन्दोलनदेखि मुलुकका हरेक संकटमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो।



उपसभापति शर्माले १५औँ महाधिवेशनपछि रुपान्तरणसहित अझ बलियो, सशक्त, ऊर्जाशील र नयाँ पुस्ताको भावनालाई समेटेर कांग्रेस अघि बढ्छ भन्नुभयो। गत फागुन २१ गतेको निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा बहुमतको सरकार बनेको र कांग्रेस प्रमुख प्रतिपक्षीको भूमिकामा रहेको उल्लेख गर्दै उपसभापति शर्माले देश र जनताका पक्षमा चालिने हरेक कदममा सरकारसँग सहकार्य गर्न पार्टी तयार रहेको स्पष्ट गर्नुभयो।

उहाँले राष्ट्रिय हित र सरोकारका विषयमा सबै राजनीतिक दलहरू एक ठाउँमा उभिनुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले जलवायु परिवर्तनले नेपालमा पारिरहेको असर, मधेस आन्दोलनमा उठेका सवाल तथा जेनजी आन्दोलनका मागलाई सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो।

देशभित्र र विदेशमा रहेका नेपालीलाई जोड्ने गरी राज्यले नीति बनाउनुपर्ने धारणा व्यक्त गर्दै उपसभापति शर्माले विदेशमा रहेका नेपालीको नागरिकता, लगानी र अधिकारका विषयलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने बताउनुभयो।

"नेपाल दुई वटा छ- नेपाल बाहिरको र नेपालभित्रको नेपाल, यी दुवै नेपाललाई जोड्नुपर्छ", शर्माले भन्नुभयो, "विदेशमा रहेका नेपालीले मातृभूमिको विकासमा लगानी गर्न चाहेका छन्। उनीहरूको भावना र संविधानले परिकल्पना गरेको नागरिकताको विषयलाई सम्बोधन गर्न पार्टी तयार छ।"

उहाँले सामाजिक सञ्जालको दुरुपयोग भई वितृष्णा सिर्जना भइरहेकामा चिन्ता व्यक्त गर्दै उहाँले मुलुकको विकास र समृद्धिका पक्षमा जिम्मेवार पक्षका बीच आपसी संवाद, सद्भाव र एकताको खाँचो रहेको बताउनुभयो। अविश्वास र वितृष्णाभन्दा माथि उठी मुलुकको भूगोललाई मात्रै होइन, नेपालीको मनलाई पनि जोड्नुपर्ने समय आएको उहाँको भनाइ छ।

विशेष महाधिवेशनपछि गगनकुमार थापाको नेतृत्वमा कांग्रेस नयाँ चरणमा प्रवेश गरेको उल्लेख गर्दै उपसभापति शर्माले महाधिवेशनमा लोकतान्त्रिक आन्दोलनका अग्रजदेखि सहिद परिवार र जेनेजी पुस्तासहित ठूलो संख्यामा युवा सहभागिता रहेको जानकारी दिनुभयो।

उहाँले परम्पराको सम्मान गर्दै नयाँ दृष्टिकोण र ऊर्जाका साथ कांग्रेसलाई अघि बढाउने लक्ष्यका साथ पार्टी अघि बढेको स्पष्ट गर्नुभयो। उपसभापति शर्माले १५औँ महाधिवेशनले कांग्रेसलाई सङ्गठनात्मक रूपमा थप बलियो बनाउँदै मुलुकको राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणमा प्रभावकारी भूमिका निर्वाह गर्ने आधार तयार गर्ने बताउनुभयो। रासस

# 'हामीले काम गर्न सकेनौँ भने डाँडो कटाउनुस् भनेका छौँ'

**टुडे समाचारदाता**

काठमाण्डु। सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले नेपाली कांग्रेसको सबैभन्दा ठूलो शक्ति उसको लामो राजनीतिक इतिहास भएको बताएका छन्।

कांग्रेसको महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनमा पुऱ्याएको योगदानको आफूले सधैँ सम्मान गर्ने कांग्रेसको इतिहासबाट पाठ सिकेर अघि बढ्नुपर्ने बताए।

लामिछानेले आफू अहिलेको मञ्चमा सत्तापक्षको भए पनि एक्लो प्रतिपक्षीजस्तो देखिएको बताए। उनले आफू प्रायः एक्लै रहने बानी परेको भन्दै त्यसलाई समेत राजनीतिक प्रसङ्गसँग जोडेर व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरे।

उनले भने, 'आज यो मञ्चको एक्लो प्रतिपक्षी भएछु । सत्तापक्ष तर यो मञ्चको एक्लो प्रतिपक्ष। प्रायः एक्लो हुने बानी पनि छ मलाई।'

नेपाली कांग्रेसको लामो राजनीतिक इतिहासलाई उसको ठूलो राजनीतिक पुँजीका रूपमा व्याख्या गरे। कांग्रेसले नेपालको लोकतन्त्र स्थापना र राजनीतिक परिवर्तनका लागि गरेको योगदानलाई आफूले सधैँ सम्मान गर्ने उनको भनाइ थियो।

'नेपाली कांग्रेसको शक्ति इतिहास हो। कमजोर पनि इतिहास हो,' उनले भने, 'कांग्रेसको इतिहासबाट पाठ सिक्नैपर्छ। यसमा हामी पाठ सिकेर अगाडि बढ्नेछौँ।'

उनले कांग्रेसले विगतमा खेलेको भूमिका र हासिल गरेका उपलब्धिसँगै त्यसका कमजोरीबाट समेत नयाँ पुस्ताले सिक्नुपर्ने बताए। इतिहासलाई केवल गौरव गर्ने विषयका रूपमा नभई आगामी राजनीतिक यात्राका लागि सिकाइका रूपमा लिनुपर्ने उनको भनाइ थियो।




आफू पनि कांग्रेसमा हुनसक्ने सम्भावनाको प्रसङ्गसमेत सुनाए। कांग्रेसले नयाँ पुस्तालाई समयमै नेतृत्व र राजनीतिक अवसर दिएको भए आफू कांग्रेसमै हुन सक्ने संकेत गर्दै उनले पार्टीहरूले नयाँ पुस्ताको आकांक्षा र परिवर्तनको चाहनालाई सम्बोधन गर्नुपर्ने बताए।

भाषण, नारा र घोषणापत्रमा मात्रै सीमित हुने राजनीति अब पर्याप्त नहुने भन्दै लामिछानेले जनताले राजनीतिक दलको काम र परिणाम हेर्न थालेको बताए। आफूहरूले काम गर्न नसके जनताले निर्वाचनमार्फत निर्णय गर्न सक्ने भन्दै उनले जनताको मतको सम्मान गर्नुपर्ने बताए।

मुलुकको सवालमा भने राजनीतिक दल र झन्डाको भिन्नता गौण हुने लामिछानेको भनाइ थियो। राष्ट्रिय हितका विषयमा सबै राजनीतिक शक्ति एक ठाउँमा उभिनुपर्ने उनले बताए।

'पार्टीको कुरा होइन, मुलुक र देशको कुरा आउँछ त्यतिबेला पार्टी र झन्डा फरक हुँदैन,' उनले भने। वर्तमान सरकार कमजोर भएको चर्चा हुने गरेको भन्दै सरकार नढल्ने दाबी गरे। सरकार परिवर्तनको निर्णय राजनीतिक दलको दबाब वा चर्चाबाट नभई जनताको मतबाट हुने भन्दै उनले निर्वाचनलाई त्यसको आधारका रूपमा प्रस्तुत गरे।

निर्वाचनबाट जनताले दिएको मतलाई भ्रमित पारेर जनताको निर्णयको अपमान नगर्न उनले आग्रह गरे। आफूहरूले काम गर्न नसके आगामी निर्वाचनमा जनताले आफूहरूलाई डाँडो कटाउन सक्ने भन्दै त्यसलाई स्वीकार गर्ने उनले बताए।

'हामीले काम गर्न सकेनौँ भने हामीलाई डाँडो कटाउनुस् भनेकै छौँ,' उनले भने।

बलिदान र सङ्घर्षबाट प्राप्त लोकतन्त्रका मूल्य र मान्यतालाई कमजोर हुन नदिने प्रतिबद्धता पनि व्यक्त गरे। लोकतन्त्रलाई तलमाथि पार्ने कुनै प्रयास स्वीकार्य नहुने भन्दै उनले अहिलेको राजनीतिक परिवर्तनको रक्षा सबैको जिम्मेवारी भएको बताए।

कांग्रेसको १५औँ महाधिवेशनमा गगनकुमार थापा सभापतिको नेतृत्वमा आएको नयाँ चरणलाई उल्लेख गर्दै लामिछानेले कांग्रेसले आफ्नो इतिहासबाट सिकेर अघि बढ्नुपर्ने बताए।

लामो राजनीतिक इतिहास कांग्रेसको शक्ति भए पनि त्यसलाई नयाँ पुस्ताको चाहना, बदलिँदो राजनीतिक परिस्थिति र जनताको अपेक्षासँग जोडेर अघि बढ्नुपर्ने उनले बताए।

## कांग्रेसले आफूलाई समयअनुसार रुपान्तरण गरेको छ : डा भट्टराई



काठमाण्डु। पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले नेपाली कांग्रेसले आफूलाई समयअनुसार रुपान्तरण गर्न सकेको बताउनुभएको छ।

नेपाली कांग्रेसको १५औँ राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रमा आइतबार शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै डा भट्टराईले राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशलाई आत्मसात् गरी समयानुकूल कांग्रेस परिवर्तन भएको बताउनुभयो।

देशमा संविधान जारी भएपछि लोकतन्त्रको एउटा चरण पूरा भएको र अब पुराना पार्टीका रुपान्तरण वा वैकल्पिक शक्ति आवश्यक छ भन्दै आफूले १२ वर्षअघि अभियान सुरु गरेको स्मरण गर्दै उहाँले रुपान्तरणको नारासहित कांग्रेस अघि बढेकामा खुसी व्यक्त गर्नुभयो।

पूर्वप्रधानमन्त्री डा भट्टराईले भन्नुभयो, "पुराना पार्टी रुपान्तरण हुनुपर्छ, होइन भने सबै दलका रुपान्तरणकारीहरु मिलेर एउटा पार्टी बन्नुपर्छ वा वैकल्पिक शक्ति बन्नुपर्छ भनेर नेकपा (माओवादी) मा हुँदैमा मैले भनेको थिएँ। १२ वर्षपछि यो सिद्ध हुँदै गएकामा खुसी व्यक्त गर्दछु", डा भट्टराईले भन्नुभयो, "विश्वमा भएको चमत्कारिक विकासका बीच हाम्रा दलहरु हिजोको ढाँचामा रहिरनुहुँदैन। राष्ट्रिय र अन्तरराष्ट्रिय परिवेश बुझ्न जरुरी छ। नयाँ सिक्न नजान्ने मान्छे एक प्रकारले निरक्षर हुन्। हामी सबै दलले आगामी २० वर्षको योजना बनाउनमा प्रतिस्पर्धा गरौँ। जसको राम्रो हुन्छ, त्यसको योजना कार्यान्वयन गरौँ।"रासस

# पार्टी नेता र राजनीतिप्रतिको वितृष्णा कायमै : अध्यक्ष लिङ्देन

काठमाण्डु। राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले नेपाली जनताको नजरमा पार्टी नेता र राजनीतिप्रति वितृष्णा कायमै रहेको बताउनुभएको छ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटन समारोहमा शुभकामना मन्तव्य दिनुहुँदै उहाँले नेपाली कांग्रेसको १४औँ महाधिवेशनमा आफूले बोलेको कुरा १५औँ महाधिवेशनसम्म आइपुग्दासम्म कुनै सुधार नभएको बताउनुभयो।

"मैले नेपाली कांग्रेसको १४औँ महाधिवेशनको उद्घाटनको क्रममा जे बोलेको थिए। आमजनतामा नेताप्रति र राजनीतिप्रति जुन प्रकारको वितृष्णा र घृणा थियो, त्यसमा सुधार भएको छैन", उहाँले भन्नुभयो, "त्यसबेला मुलुकको नेतृत्व गरिराखेका मुख्य-मुख्य नेतालाई भ्रम भए जस्तै देखियो। उहाँहरुले भर्खर-भर्खर, त्यसमाथि एउटा राष्ट्रिय पार्टी नभएको पार्टीको अध्यक्ष यहाँ आएर हामीलाई अपमान गरिराखेको छ र अर्ती-उपदेश दिइराखेको छ भन्ने विचार व्यक्त गर्नुभएको थियो। मैले त्यो बेला भनेको कुरा अहिले पनि उत्तिकै सान्दर्भिक भएको देख्छु।"



अध्यक्ष लिङ्देनले मान्छेमा परिवर्तन भएता पनि देशको स्थिति भने जहाँको त्यही रहेको उल्लेख गर्दै देश र जनताका पक्षमा संविधानसमेत परिवर्तन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

यसैगरी, जनता समाजवादी पार्टीका नेता शरदसिंह भण्डारीले प्राकृतिक विपद्का कारण जनजीवन अस्तव्यस्त भई अर्थतन्त्र प्रभावित भएको विषम परिस्थितिमा मुलुकका जिम्मेवार सबै राजनीतिक दलहरुबीच एकता, संवाद, सहयोग र संसहकार्य हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले नेपाली कांग्रेस नेपालको राजनीतिक इतिहासमा लामो र महत्त्वपूर्ण योगदान पुर्याएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, "नेपालको प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलन, विभिन्न राजनीतिक परिवर्तन, जनआन्दोलन तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संस्थागत गर्ने संविधान २०७२ को निर्माण प्रक्रियामा कांग्रेसले खेलेको निर्णायक तथा नेतृत्वदायी भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको छ। त्यसलाई हामी सबैले मनन गर्नुपर्दछ।"

देशमा आर्थिक सङ्कट, बढ्दो बेरोजगारी, युवाहरूको विदेश पलायन, उत्पादनमा आएको कमी, सामाजिक असमानता तथा नागरिकमा बढ्दै गएको निरासाजस्ता गम्भीर चुनौतीहरू कायमै रहेकाले मिलेर तिनको समाधान गर्नुपर्नेमा जोड दिनुभयो। रासस

# भारतीय राष्ट्रिय कांग्रेस र नेपाली कांग्रेसबीच लोकतान्त्रिक सहकार्यको इतिहास छः अध्यक्ष खड्गे





काठमाण्डु। भारतीय राष्ट्रिय कांग्रेसका अध्यक्ष मल्लिकार्जुन खड्गेले भारतीय राष्ट्रिय कांग्रेस र नेपाली कांग्रेसबीच लोकतन्त्रको स्थापना, संरक्षणलगायत क्षेत्रमा लामो समयदेखि घनिष्ठ सम्बन्ध र सहकार्य रहँदै आएको बताउनुभएको छ।

कांग्रेसको १५औँ महाधिवेशनका अवसरमा सभापति गगनकुमार थापालाई शुभकामना सन्देश पठाउँदै अध्यक्ष खड्गेले दुई देशका राजनीतिक दलबीचको लोकतान्त्रिक सहकार्यको स्मरण गर्नुभएको हो। उहाँले कांग्रेसको महाधिवेशन संस्थापक नेता बिपी कोइरालाले अघि सारेका लोकतान्त्रिक मूल्य-मान्यता, नागरिक स्वतन्त्रता र सामाजिक न्यायका विषयमा छलफल गर्ने महत्त्वपूर्ण अवसर भएको बताउनुभयो।

"राष्ट्रिय महाधिवेशन वास्तवमा तपाईंका संस्थापक स्वर्गीय बिपी कोइरालाले अगाडि बढाउनुभएको लोकतान्त्रिक मूल्य-मान्यता, नागरिक स्वतन्त्रता र सामाजिक न्यायका साथै लोकतान्त्रिक संस्थाहरूको निरन्तर सुदृढीकरणबारे विचार-विमर्श गर्ने महत्त्वपूर्ण अवसर हो", अध्यक्ष खड्गेले सन्देशमा भन्नुभयो।

उहाँले भारतीय राष्ट्रिय कांग्रेस र नेपाली कांग्रेसबीच लोकतन्त्रको हितमा आपसी समझदारी, ऐक्यबद्धता र सहकार्यको लामो तथा घनिष्ठ इतिहास रहेको उल्लेख गर्नुभयो। "म यी सम्बन्धहरू र हाम्रा दुई पार्टी तथा दुई देशबीचको स्थायी सम्बन्धलाई उच्च सम्मान गर्दछु", अध्यक्ष खड्गेले भन्नुभएको छ। रासस

# निरन्तरताको क्रमभंग गरेर कांग्रेसले देशको नेतृत्व गर्नुपर्छः संयोजक प्रचण्ड

काठमाण्डु। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निरन्तरताको क्रमभंग गरेर कांग्रेसले देशको नेतृत्व गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै संयोजक प्रचण्डले कांग्रेस सभापति गगनकुमार थापाले पार्टीको नेतृत्वमा निरन्तरताको क्रमभङ्ग गरेर नयाँ इतिहासतर्फ अघि बढाएको उल्लेख गर्नुभयो।

सभापति थापालाई बधाई दिँदै संयोजक प्रचण्डले आफू प्रधानमन्त्री हुँदा थापा स्वास्थ्यमन्त्री रहेको स्मरण गर्दै उहाँको राजनीतिक यात्राप्रति आफू खुसी रहेको बताउनुभयो। "गगनजीलाई बधाई छ, गगनजीमा नेतृत्व गर्ने क्षमता छ, अन्ततः यो देशको नेतृत्व गर्ने अवस्था आउन सक्छ भनेको थिएँ, आज त्यही देखिरहेको छु", संयोजक प्रचण्डले भन्नुभयो।



संयोजक प्रचण्डले कांग्रेसभित्र अझै छुटेका नेता तथा समूहलाई जोडेर अघि बढ्न सभापति थापालाई आग्रह गर्नुभयो। पार्टीलाई थप एकताबद्ध बनाएर अघि बढाउनुपर्नेमा कांग्रेसको नयाँ नेतृत्व लाग्नुपर्ने उहाँको भनाइ थियो।

सभापति थापा अब कांग्रेसको नेतृत्वमा मात्रै सीमित नरही देशकै नेतृत्व गर्ने बाटोमा अघि बढ्नुपर्ने भन्दै संयोजक प्रचण्डले त्यसका लागि आफ्नो साथ र सहयोग रहने बताउनुभयो। उहाँले मुलुकमा गणतन्त्र र लोकतन्त्रसमेत जोखिममा पर्न सक्ने अवस्था रहेको भन्दै राजनीतिक दलहरू सचेत हुनुपर्ने उल्लेख गर्नुभयो। लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न प्रमुख राजनीतिक शक्तिहरूबीच सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो।

संयोजक प्रचण्डले आफू र कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाबीच भएको शान्ति सम्झौताका केही काम अझै पूरा हुन बाँकी रहेको भन्दै त्यसलाई टुङ्ग्याउन वर्तमान सभापति थापा लाग्नुपर्ने बताउनुभयो।

"शान्ति सम्झौताका केही चिज अझै टुङ्ग्याउन बाँकी छ, यो टुङ्गिएन भने देश फेरि अर्को द्वन्द्वमा जान सक्छ, यो पनि गगन थापाले पूरा गर्नुपर्ने छ", उहाँले भन्नुभयो। मुलुकको समृद्धि र विकासका लागि सबै राजनीतिक शक्ति मिलेर अघि बढ्नुपर्ने संयोजक प्रचण्डको भनाइ थियो। रासस

# राष्ट्रियता र लोकतन्त्रका लागि राजनीतिक शक्तिहरु एक ठाउँमा उभिनुपर्छः महासचिव पोखरेल



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शंकर पोखरेललेराष्ट्रियता र लोकतन्त्रका लागि सबै राजनीतिक शक्तिहरु फेरि एक ठाउँमा उभिनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेसको १५औँ राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रमा आइतबार शुभकामना सम्बोधन गर्दै महासचिव पोखरेलले राष्ट्रियता र लोकतन्त्रका सवालमा सबै राजनीतिक दल एक ठाउँमा उभिएर युवाहरुका आकाङ्क्षा पूरा गर्न लाग्नुपर्ने बताउनुभयो।

"लोकतन्त्र, सार्वभौमसत्ता र मुलुकको हित, राष्ट्रियता, परिवर्तन, स्थायित्व, विकास र समृद्धिका लागि दलहरु मिलेर काम गर्नुपर्छ। त्यसका लागि हाम्रो दल सहकार्य गर्न तयार छ", महासचिव पोखरेलले भन्नुभयो, "पछिल्लो निर्वाचनबाट जनताको स्थायित्वको अपेक्षासहित राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाइको मत प्राप्त गरेका हुन्। सुशासन, सेवा प्रवाह र रोजगारीका क्षेत्रमा नयाँ पुस्ताका आशा र अपेक्षालाई निराशामा परिणत हुन दिनुहुँदैन। त्यसका लागि यो महाधिवेशन सफल हुन सकोस्।"

महासचिव पोखरेलले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने राजनीतिक दलहरुसँग संवाद गर्न अग्रसर भए पनि राष्ट्रिय समस्यामा सरकारले राजनीतिक दलहरुसँग संवाद नगरेको टिप्पणी गर्नुभयो।

जलवायु न्यायको प्रश्न पनि आजाको साझा प्रश्न भएकाले यसको सामनाका लागि पनि सबै एक ठाउँमा आउनुपर्ने महाचिव पोखरेलको भनाइ थियो। रासस

# कांग्रेस महाधिवेशन वर्तमान र भविष्यबारे संवाद गर्ने थलो होः उपसभापति भुसाल

काठमाण्डु। नेपाली कांग्रेसकी उपसभापति पुष्पा भुसालले कांग्रेसको १५औँ महाधिवेशन पार्टीको वर्तमान र भविष्यबारे गम्भीर छलफल तथा संवाद गर्ने थलो भएको बताउनुभएको छ।

पार्टीको आइतबारदेखि शुरु भएको १५औँ राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहमा उपसभापति भुसालले लोकतन्त्रका लागि लामो समय सङ्घर्ष गरेको कांग्रेसले आफ्नो वर्तमान अवस्थाको समीक्षा गर्दै भविष्यको बाटो तय गर्नुपर्ने बताउनुभएको हो।

"विसं २००४ देखि लोकतन्त्रका लागि सङ्घर्ष गरेर इतिहास बनाएको नेपाली कांग्रेसको वर्तमान र भविष्यको चिन्ता गर्ने, संवाद गर्ने थलोको रूपमा यो महाधिवेशन हुन गइरहेको छ", उहाँले भन्नुभयो।



उपसभापति भुसालले महाधिवेशन केवल पद व्यवस्थापन र नेतृत्व चयनका लागि मात्रै नभएको बताउनुभयो। कांग्रेसका नेता-कार्यकर्ता मात्रै नभई लोकतन्त्र र कांग्रेसमा विश्वास गर्ने सबैले पार्टीको अवस्थाबारे आत्मसमीक्षा गर्ने अवसरका रूपमा महाधिवेशनलाई लिनुपर्ने उहाँको भनाइ थियो।

"यो महाधिवेशन पद व्यवस्थापन गर्नका लागि मात्र भइराखेको छैन, यो महाधिवेशन कांग्रेसका नेता र कार्यकर्ता मात्रै होइन, लोकतन्त्रमा र कांग्रेसमा विश्वास गर्ने सबैले आत्मसमीक्षा गर्ने थलो बन्नुपर्छ", उपसभापति भुसालले भन्नुभयो।

कार्यक्रममा कांग्रेस काठमाण्डुका सभापति सबुजकृष्ण बानियाँले १५औँ महाधिवेशनले पार्टीलाई नयाँ गति प्रदान गर्ने बताउनुभयो। उक्त महाधिवेशनको कांग्रेस सभापति गगनकुमार थापाले उद्घाटन गर्नुभएको थियो। रासस

# भारतमा विरोध प्रदर्शनका क्रममा प्रहरीमाथि यौन दुर्व्यवहारको आरोप, अनुसन्धान शुरु

एएफपी । भारतको निर्वाचन आयोगविरुद्ध राजधानी नयाँदिल्लीमा जारी विरोध प्रदर्शनका क्रममा प्रहरी अधिकारीहरूमाथि लागेको यौन दुर्व्यवहारको आरोपबारे प्रहरीले अनुसन्धान सुरु गरेको छ ।

मतदाता नामावलीको व्यापक पुनरवलोकनका क्रममा लाखौँ मतदाताको नाम हटाइएको भन्दै अनियमितताको आरोप लगाउँदै प्रदर्शनकारीहरूले निर्वाचन आयोगका प्रमुख ज्ञानेश कुमारको राजीनामा माग गर्दै शुक्रबारदेखि आन्दोलन गरिरहेका छन् ।

निर्वाचन आयोगले मतदाता सूचीमा अनियमितता भएको आरोप अस्वीकार गरेको छ । आयोगका प्रमुख कुमारले भने यस विषयमा सार्वजनिक प्रतिक्रिया दिएका छैनन् ।



शनिबार नयाँ दिल्लीस्थित सरकारद्वारा तोकिएको प्रदर्शनस्थल जन्तर मन्तर आसपास प्रहरीले दर्जनौँ प्रदर्शनकारीलाई नियन्त्रणमा लिने क्रममा केही महिला पत्रकारले प्रहरी अधिकारीहरूमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएका हुन् ।

दिल्ली प्रहरीले विज्ञप्ति जारी गर्दै तीन महिला पत्रकारबाट यौन दुर्व्यवहारको उजुरी प्राप्त भएको पुष्टि गरेको छ। प्रहरीले घटनाबारे निष्पक्ष र तटस्थ छानबिन गरिने जनाएको छ सामाजिक सञ्जालमा सार्वजनिक भएको एक भिडियोमा एक उजुरीकर्ताले एक प्रहरी अधिकारीले आफूलाई धकेल्नुका साथै अनुचित रूपमा छोएको आरोप लगाएकी छन् ।

राजधानीमा आइतबार पनि विरोध प्रदर्शन जारी रहने कार्यक्रम छ । आन्दोलनमा वामपन्थी समूहहरू र 'कक्रोच जनता पार्टी' (सिजेपी) का समर्थकहरू पनि सहभागी हुँदैछन् । व्यङ्ग्यात्मक अनलाइन अभियानका रूपमा स्थापना भएको सिजेपीले मे महिनामा तत्कालीन शिक्षामन्त्रीलाई पदबाट हटाउने अभियान सञ्चालन गरेको थियो । सिजेपीका प्रमुख अभिजित दिपकेले शनिबार प्रहरीको धरपकडको आलोचना गर्दै आरोपित प्रहरी अधिकारीलाई तत्काल पक्राउ गर्न माग गर्नुभएको छ ।

वामपन्थी विद्यार्थी नेतृ नेहा बोराले प्रदर्शनकारीहरूलाई नयाँदिल्लीको इन्डिया गेटसम्म मार्च गर्न आह्वान गर्नुभएको छ । उहाँले सामाजिक सञ्जालमार्फत "सडकदेखि आन्दोलनसम्म महिलाहरू सुरक्षित छैनन्" भन्दै सुरक्षा सुनिश्चित गर्न माग गर्नुभएको छ ।

विपक्षी दलहरूले निर्वाचन आयोग प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) को प्रभावमा काम गरिरहेको आरोप लगाएका छन् । उनीहरूले मङ्गलबार निर्वाचन आयोगको कार्यालयसम्म मार्च गर्ने र त्यसपछि देशभर 'लोकतन्त्र बचाउ' अभियानअन्तर्गत विरोध कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेका छन् ।

यसैबीच, सिजेपीले आगामी १० अक्टोबरमा नयाँ दिल्लीमा 'युवा भारतीयहरूको व्यापक परिचालन' का लागि आह्वान गरेको छ ।

# स्पेनको जित

टुडे समाचारदाता

एजेन्सी । युइएफए नेसन्स लिगमा स्पेनले आफ्नो शतप्रतिशत जितको यात्रा कायमै राखेको छ ।



शनिबार राति चेकियालाई ३-१ ले हराउने क्रममा स्पेनका लामिन यामाल, रोड्री र मिकेल मेरिनोले गोल गरे। खेलको अन्तिम समयमा चेकियाका कप्तान लाडिस्लाभ क्रेज्चीले रातो कार्ड पाएका थिए ।

समूह ए ३ को अर्को खेलमा इंग्ल्यान्डले क्रोएसियालाई ७-० ले पराजित गरेको थियो। तर विश्व विजेता स्पेनलाई चेकियाविरुद्ध जित निकाल्न सहज भएन। प्रशिक्षक लुइस डे ला फुएन्तेले सुरुआती टोलीमा नौ खेलाडी परिवर्तन गरेका थिए ।

खेलको छैटौँ मिनेटमै यामालले गोल गर्दै स्पेनलाई अग्रता दिलाए। डानी ओल्मोसँग पास आदानप्रदान गरेपछि उनले पेनाल्टी क्षेत्रको दायाँ भागबाट उत्कृष्ट प्रहार गर्दै बललाई जाली चुमाएका थिए।

३५औँ मिनेटमा रोड्रीले अग्रता दोब्बर बनाए। रोड्रीको पासमा ओल्मोले पेनाल्टी क्षेत्रभित्र अघि बढ्दै आएको बललाई सदुपयोग गरेपछि स्पेन पहिलो हाफमा २-० ले अघि रहेको थियो ।

दोस्रो हाफमा चेकियाले खेलमा फर्कने प्रयास गर्‍यो। एडम ह्लोजेकको पासमा जिरी स्लामाले गोल गरेपछि खेल २-१ को स्थितिमा पुगेको थियो। त्यसपछि चेकियाले बराबरी गोल गर्ने अवसर पनि पाएको थियो ।

७९औँ मिनेटमा गोलकिपर डेभिड रायाले क्रेज्चीको हेडर नियन्त्रणमा लिन नसक्दा रायन नाडेरीले गोल गरेका थिए ।

तर क्रस पेनाल्टी क्षेत्रमा आउँदा लुकास चेर्भले रोबिन ले नोर्मान्डलाई समातेको भन्दै रेफ्रीले फल दिएपछि उक्त गोलले मान्यता पाएन ।

बराबरी गोलले मान्यता नपाएपछि रेफ्रीसँग आक्रोश व्यक्त गरेका क्रेज्चीले पहेँलो कार्ड पाए। त्यसपछि काउन्टर अट्याक रोक्ने क्रममा रोबर्टो फर्नान्डेजलाई पछाडिबाट तानेपछि उनले ८५औँ मिनेटमा दोस्रो पहेँलो कार्ड पाए। त्यससँगै चेकिया १० खेलाडीमा सीमित भएको थियो ।

स्पेनले ८९औँ मिनेटमा तेस्रो गोल गर्दै जित पक्का गर्‍यो। भिक्टर मुनोजको प्रहार गोलकिपर एन्टोनिन किन्स्कीले बचाएपछि रिबाउन्डमा आएको बललाई मेरिनोले खाली पोस्टमा गोल गरेको थियो ।

**स्पेनको अपराजित यात्रा ४१ खेलमा**

चेकियाविरुद्धको जितसँगै स्पेनको कीर्तिमानी अपराजित यात्रा ४१ खेल पुगेको छ । टोली नेसन्स लिगको क्वार्टरफाइनल नजिक पनि पुगेको छ ।

स्पेनको जितमा बार्सिलोनाका खेलाडी यामाल र ओल्मोको प्रदर्शन महत्त्वपूर्ण रह्यो । यामालले पछिल्ला नौ खेलमा क्लब र राष्ट्रिय टोलीका लागि गरी १२ गोल गरेका छन् । उनले स्पेनका लागि नेसन्स लिगमा चार तथा बार्सिलोनाका लागि सबै प्रतियोगितामा आठ गोल गरेका छन् ।

स्पेनले सन् २०२२ को जुनमा नेसन्स लिगमै चेकियासँग खेलेको टोलीबाट यसपटक रोड्री र ओल्मोलाई मात्रै सुरुआती ११ मा उतारेको थियो। यी दुई खेलाडीबीचको तालमेलबाटै स्पेनको दोस्रो गोल सम्भव भएको थियो ।

# ह्वाइट हाउसको एआई कार्यदलले अत्यधिक नियमन रोक्ने




एएफपी । कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी ह्वाइट हाउसको नयाँ कार्यदलले यस प्रविधिका जोखिम र अवसरहरूको मूल्याङ्कन गर्नुका साथै नवप्रवर्तनलाई अवरुद्ध पार्ने अत्यधिक नियमन रोक्न पहल गर्ने भएको छ । कार्यदलका प्रमुख जे क्लेटनलाई उद्धृत गर्दै 'द वाल स्ट्रिट जर्नल'(डब्ल्यूएसजे) ले यस्तो जनाएको हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनमा क्लेटन नयाँ ' एआई जार' (एआई मामिलाका प्रमुख अधिकारी) बन्ने चर्चा भए पनि उनको नियुक्ति औपचारिक रूपमा पुष्टि भएको छैन ।

क्लेटनले यो अनौपचारिक भूमिका सम्हाल्ने दोस्रो व्यक्ति हुनेछन् । यसअघि भेन्चर क्यापिटलिस्ट डेभिड स्याक्सले ट्रम्पको दोस्रो कार्यकालको सुरुआतमा उक्त जिम्मेवारी सम्हाल्नुभएको थियो ।

डब्ल्यूएसजेका अनुसार 'सुपर इन्टेलिजेन्स फोर्स' नाम दिइएको नयाँ कार्यदललाई कृत्रिम बौद्धिकतासम्बन्धी जोखिम र अवसरबारे प्रतिवेदन तयार गर्न १२० दिनको समय दिइएको छ । 'सुपर इन्टेलिजेन्स' ट्रम्पले कृत्रिम बौद्धिकताका लागि प्रयोग गर्ने शब्द हो ।

"राष्ट्रपतिले एउटा यस्तो समूह गठन गर्न निर्देशन दिनुभएको थियो जसले अमेरिका 'सुपर इन्टेलिजेन्स' को क्षेत्रमा अग्रणी रहिरहोस् र अमेरिकी जनताको हितलाई प्राथमिकतामा राखोस्", क्लेटनले डब्ल्यूएसजेलाई भन्नुभया, "अग्रणी नहुनुको जोखिम धेरै ठूलो छ ।"

उहाँले थप भन्नुभयो, "यदि अमेरिका अग्रणी भएन भने पहिचान गरिएका र नगरिएका दुवै प्रकारका जोखिम बढ्नेछन्, विशेष गरी हाम्रा प्रतिद्वन्द्वी राष्ट्रहरूबाट । अग्रणी हुँदा हामी अमेरिकी जनताको हितमा ती जोखिमहरूको प्रभावकारी रूपमा सामना गर्न सक्षम हुनेछौँ ।"

लामो समयदेखि वाल स्ट्रिटका वकिल रहेका क्लेटनले सन् २००८ को वित्तीय सङ्कटका बेला गोल्डम्यान स्याक्स र लेहमन ब्रदर्सका सम्पत्ति खरिदसम्बन्धी कारोबारमा बार्कलेजको प्रतिनिधित्व गर्नुभएको थियो ।

ट्रम्पले आफ्नो दोस्रो कार्यकालको सुरुआतमै क्लेटनलाई म्यानहटनका सङ्घीय अभियोजकहरूको नेतृत्वका लागि चयन गर्नुभएको थियो । जुलाईमा सिनेटले उनको नियुक्तिलाई पुष्टि गरेको थियो । यद्यपि, उनको प्राविधिक उद्योगमा प्रत्यक्ष पृष्ठभूमि छैन ।

डब्ल्यूएसजेका अनुसार कार्यदलको कार्यादेशमा 'सुपर इन्टेलिजेन्स (एसआई)' बाट समाजमा उत्पन्न हुन सक्ने जोखिमहरूको सामना गर्ने योजना तयार गर्ने, नवप्रवर्तन र प्रतिस्पर्धालाई अवरुद्ध पार्ने अत्यधिक नियमन तथा 'रेगुलेटरी क्याप्चर' (नियामक कब्जा) रोक्ने व्यवस्था गरिएको छ ।

# आयात प्रतिस्थापनदेखि विश्व बजारसम्म पुगे चीनका उखु काट्ने मेसिन

एएफपी । चीनमा स्वदेशी रूपमा विकसित उखु काट्ने मेसिन (हार्भेस्टर) ले आयातित उपकरणलाई प्रतिस्थापन गर्दै अन्तरराष्ट्रिय बजारमा समेत स्थान बनाउन सफल भएको छ ।



मध्य चीनको हेनान प्रान्तस्थित 'लुओयाङ चेनहान एग्रिकल्चरल इक्विपमेन्ट टेक्नोलोजी'ले उत्पादन गर्ने हार्भेस्टरले अहिले चीनको उखु काट्ने मेसिन बजारको करिब आधा हिस्सा ओगट्नुका साथै दक्षिणपूर्वी एसिया र ल्याटिन अमेरिकासम्म निर्यात भइरहेको कम्पनीले जनाएको छ ।

उन्साठ्ठी वर्षीय संस्थापक झाङ चाङ्सियानले सन् २००८ मा स्वदेशी हार्भेस्टर विकास सुरु गर्नुभएको थियो । इन्जिनियरबाट उद्यमी बन्नुभएका उहाँले मेसिन बजारमा ल्याउन आठ वर्ष लाग्ने कल्पना गर्नुभएको थिएन् । वर्षौंसम्म उहाँले आफ्नो टोलीसँग दक्षिण चीनको ग्वाङसी क्षेत्रका उखुबारीमा नमुना मेसिन परीक्षण गर्दै डिजाइन सुधार गर्नुभयो । हिलोयुक्त खेत, आँधीका कारण ढलेका उखु र भिरालो जमिनले विकास प्रक्रियालाई निकै चुनौतीपूर्ण बनाएको थियो ।

चीनको चिनी उद्योगले उत्पादन लागत घटाउन र प्रतिस्पर्धात्मक क्षमता बढाउन यान्त्रिकीकरणलाई प्राथमिकता दिइरहेका बेला कम्पनीको सफलता सम्भव भएको हो । चीनको कृषि तथा ग्रामीण मामिला मन्त्रालयअन्तर्गतको चिनियाँ कृषि दृष्टिकोण समितिका अनुसार, २०२४/२५ बजार वर्षमा चीनले करिब एक करोड १२ लाख टन चिनी उत्पादन गर्दा एक करोड ५७ लाख टन खपत गरेको थियो । माग र उत्पादनबीचको अन्तर पूर्ति गर्न करिब ४६ लाख टन चिनी आयात गरिएको थियो ।

झाङका अनुसार बढ्दो श्रम लागतले पनि यान्त्रिक खेतीको आवश्यकता बढाएको छ । सन् २००८ मा एक कामदारले २५-३० युआनमा दिनभरि करिब एक टन उखु काट्थे भने अहिले त्यही कामको लागत १८० देखि २५० युआन पुगेको छ। कम्पनीका हार्भेस्टरले भने एक दिनमै १०० टनभन्दा बढी उखु काट्न सक्छ, जुन करिब १०० जना कामदारको श्रम बराबर हो ।

सुरुआती चरणमा चीनमा प्रयोग हुने अधिकांश हार्भेस्टर आयातित थिए । तर ब्राजिल वा अष्ट्रेलियाका विशाल समथर खेतका लागि बनेका ती मेसिन चीनका साना तथा भिरालो खेतका लागि उपयुक्त थिएनन् । त्यसैले कम्पनीले चिनियाँ खेतको अवस्था सुहाउँदो 'टुक्रा पारेर काट्ने' प्रणाली विकास गर्‍यो । आर्थिक कठिनाइका बीच झाङले छोरीको शिक्षाका लागि छुट्याएको रकमसमेत परियोजनामा लगानी गरेका थिए ।

कम्पनीले सन् २०१५ मा पहिलो हार्भेस्टर तयार गरी २०१६ मा बजारमा ल्यायो । पहिलो वर्ष ३० भन्दा बढी मेसिन बिक्री भएकोमा अर्को वर्ष यो सङ्ख्या १५० नाघ्यो । सन् २०१९ देखि कम्पनीले भियतनाम, थाइल्याण्ड, इन्डोनेसिया, कोस्टारिका र भेनेजुएलालगायत देशमा निर्यात सुरु गरेको छ । अहिले कम्पनीको कुल आम्दानीको करिब एक-पाँचौं हिस्सा निर्यातबाट आउने गरेको छ।

ग्राहकको आवश्यकता अनुसार मेसिन परिमार्जन गर्ने क्षमताले पनि कम्पनीलाई अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाएको छ। कम्पनीले भविष्यमा स्मार्ट नियन्त्रण प्रणाली, हाइब्रिड ऊर्जा प्रविधि र कम इन्धन खपत हुने हार्भेस्टर विकासमा अनुसन्धान जारी राखेको जनाएको छ।

"धेरैले चिनियाँ कम्पनीले उखु काट्ने मेसिन बनाउन सक्दैनन् भनेका थिए", झाङले भन्नुभयो, "तर आज हामीले त्यस्ता मेसिन उत्पादन मात्र होइन, विश्व बजारमा निर्यात पनि गरिरहेका छौँ ।"

# दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता हुनेमा कुनै सन्देह छैनः मन्त्री पोखरेल

कर्णाली । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता हुने कुरामा कुनै दुविधा नभएको बताउनुभएको छ ।



राष्ट्रिय खेलकुद परिषद्‌को आयोजना तथा कर्णाली खेलकुद विकास परिषद्‌को सहआयोजनामा आसन्न मङ्सिर १६-२७ गतेसम्म सञ्चालन हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८३ का लागि आज सुर्खेतको वीरेन्द्रनगरमा सम्पन्न मूल आयोजक समितिको बैठकमा बोल्दै उहाँले प्रतियोगिता निर्धारित मितिमै हुने कुरामा कुनै सन्देश नभएको बताउनुभयो ।

"दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता मङ्सिर १६-२७ गतेसम्म सञ्चालन हुँदैछ । मूल आयोजक समितिको बैठकले यो भव्य महोत्सवको सुरुआत आजबाटै भएको घोषणा गर्दछ," मन्त्री पोखरेलले भन्नुभयो, "बिगतमा सम्पन्न नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताभन्दा यसलाई प्रभावकारी र उपलब्धिमूलक बनाउने गरी तीनै तहका सरकारबीच समन्वय र सहकार्य अपरिहार्य छ ।"

यसमा प्रदेश सरकार र वीरेन्द्रनगर नगरपालिकाको अझ महत्वपूर्ण भूमिका र जिम्मेवारी रहेको मन्त्री पोखरेलले बताउनुभयो । स्वस्थ व्यक्ति र समृद्ध देशका लागि खेल आवश्यक भएको बताउँदै उहाँले आजैबाट देशभर कर्णाली प्रदेश दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता हुँदैछ भन्ने सन्देश प्रवाह गर्न र आ-आफ्नो ठाउँबाट जिम्मेवारी पुरा गर्न सरोकारवालालाई अपिल गर्नुभयो । नेपालका गाउँ र विकट क्षेत्रमा बसेका खेलाडीलाई सबैले उत्साह प्रदान गर्नुपर्नेमा जोड दिँदै उहाँले मुलुकलाई विश्वमाँझ चिनाउने गरी आफ्नो प्रतिभा प्रदर्शन प्रतियोगीलाई अनुरोध गर्नुभयो ।

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले कर्णाली प्रदेश रङ्गशालाका लागि रु नौ करोड, खेल पूर्वाधारका लागि रु पाँच करोड र दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको सञ्चालनका लागि रु तीन करोड बजेट प्रदेश सरकारले विनियोजन गरेको बताउनुभयो । पाँचौं पटकसम्म स्थगित भएको दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता अब सुनिश्चित हुने कुराले हर्षित तुल्याएको बताउँदै उहाँले प्रदेश सरकारले खेल क्षेत्रलाई महत्व दिएर राष्ट्रियस्तरको खेलकुद पूर्वाधारको संरचना निर्माण गरेको बताउनुभयो । रासस

# नेपाल पुलिस क्लबलाई भलिबलको उपाधि

रुपन्देही । बुटवलमा सम्पन्न दोस्रो संस्करणको मदन भण्डारी कप अन्तरराष्ट्रिय आमन्त्रित रनिङ शिल्ड पुरुष भलिबल प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ । उपाधिसँगै पुलिसले रु सात लाख पुरस्कार प्राप्त गरेको छ ।




शनिबार भएको फाइनल खेलमा पुलिसले सभापोखरी भलिबल क्लब संखुवासभालाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि हात पारेको हो । भारतीय खेलाडीको साथ पाएको सभापोखरीविरुद्ध पुलिसले उत्कृष्ट प्रदर्शन गरेको थियो । लिग चरणदेखि नै प्रभावशाली प्रदर्शन गर्दै आएको सभापोखरी फाइनलमा भने पुलिससँग पराजित भयो ।

उपविजेता सभापोखरीले रु तीन लाख ५० हजार पुरस्कार प्राप्त गर्यो । विभागीय टोली सशस्त्र प्रहरी बल (एपिएफ) क्लब तेस्रो भयो । तेस्रो स्थानका लागि भएको खेलमा एपिएफले खैरा भलिबल क्लब पञ्जाबलाई ३-१ को सेटमा पराजित गर्यो । तेस्रो भएको एपिएफले रु एक लाख ७५ हजार तथा चौथो भएको खैरा क्लबले रु ७५ हजार सान्त्वना पुरस्कार प्राप्त गर्यो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी नेपाल पुलिस क्लबका पहल गहतराज घोषित भए । उनले रु १५ हजार पुरस्कार प्राप्त गरे ।

विधागततर्फ एपिएफका सरोज बर्देवा उत्कृष्ट स्पाइकर, पुलिसका बलराम गुरुङ उत्कृष्ट सेटर र रेशम छन्त्याल उत्कृष्ट सर्भर, सभापोखरीका सिभानसेन भी उत्कृष्ट ब्लकर, सन्तोष राई उत्कृष्ट डिफेन्डर तथा पुलिसका चन्द्र कुँवर उत्कृष्ट प्रशिक्षक घोषित भए । विधागततर्फका उत्कृष्ट खेलाडीले जनही रु आठ हजार प्राप्त गरे । पुरस्कार वितरण कार्यक्रममा लुम्बिनी प्रदेशका युवा तथा खेलकुदमन्त्री रामजी घिमिरेले प्रतियोगितामा सहभागी खेलाडी तथा विजेता टोलीलाई बधाई तथा शुभकामना दिनुभयो । उहाँले खेल क्षेत्रको विकासले देशको समग्र विकासमा योगदान पुर्याउने बताउनुभयो ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले प्रतियोगिताले राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका खेलाडीबीच प्रतिस्पर्धाको अवसर सृजना गरेको बताउनुभयो । यही असोज १२ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा नेपालका चार तथा विदेशका तीन गरी सात टोलीको सहभागिता रहेको थियो । रासस

# ब्राजिलको राष्ट्रपति निर्वाचनमा लुला र बोल्सोनारोबीच कडा प्रतिस्पर्धा

एएफपी । ब्राजिलमा आइतबार हुने राष्ट्रपति निर्वाचनमा बहालवाला राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा र सिनेटर फ्लाभियो बोल्सोनारोबीच मुख्य प्रतिस्पर्धा हुँदैछ । वैचारिक रूपमा विपरीत ध्रुवमा रहेका यी दुई उम्मेदवारबीचको प्रतिस्पर्धालाई हालैका वर्षहरूमा ब्राजिलकै सबैभन्दा महत्वपूर्ण राजनीतिक भिडन्तका रूपमा हेरिएको छ ।




कुनै उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा सर्वाधिक मत ल्याउने दुई उम्मेदवारबीच अक्टोबर २५ मा दोस्रो चरण (रनअफ) निर्वाचन हुनेछ । अन्य १० उम्मेदवार चुनावी मैदानमा रहे पनि उनीहरूले सीमित मत मात्र पाउने अनुमान गरिएको छ ।

असी वर्षीय लुला सातौँ पटक राष्ट्रपति पदका लागि चुनाव लडिरहनुभएको छ । उहाँ चौथो पटक राष्ट्रपति बन्ने प्रयासमा हुनुहुन्छ, यद्यपि यसअघि उहाँका कार्यकाल लगातार थिएनन् । ४५ वर्षीय फ्लाभियो बोल्सोनारो पूर्वराष्ट्रपति जायर बोल्सोनारोका छोरा तथा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका निकट सहयोगी मानिन्छन् ।

करिब १५ करोड ९० लाख मतदाता रहेको यस निर्वाचनलाई ब्राजिलको भविष्यको आर्थिक तथा कूटनीतिक दिशासँग जोडेर हेरिएको छ । बोल्सोनारोले ट्रम्पसँगको आफ्नो वैचारिक निकटतालाई चुनावी अभियानको प्रमुख आधार बनाउनुभएको छ । उहाँले दुर्लभ खनिजलगायत रणनीतिक क्षेत्रमा ट्रम्प प्रशासनसँग अझ राम्रो सम्झौता गर्नुपर्ने धारणा राख्दै आउनुभएको छ । साथै, सत्तापलटको प्रयाससम्बन्धी मुद्दामा २७ वर्षको जेल सजाय भोगिरहेका आफ्ना पिता जायर बोल्सोनारोलाई रिहा गराएर राजनीतिमा फर्काउने प्रतिबद्धता पनि जनाएका छन् ।

यता, लुलाले अमेरिकाले ब्राजिलको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्न सक्ने जोखिमबारे चेतावनी दिँदै आउनुभएको छ । ट्रम्प प्रशासनले ब्राजिलको निर्यातमा उच्च भन्सार शुल्क लगाउने, वासिङ्टनस्थित ब्राजिलका राजदूतको भिसा रद्द गर्ने तथा जायर बोल्सोनारोमाथिको अनुसन्धानसँग सम्बन्धित सर्वोच्च अदालतका न्यायाधीशमाथि प्रतिबन्ध लगाएपछि लुलाले यस्तो चिन्ता व्यक्त गर्नुभएको हो । आइतबारको मतदानमा राष्ट्रपतिसँगै २७ राज्यका गभर्नर, राज्य विधायिकाका सदस्य, सङ्घीय कङ्ग्रेसका सबै ५१३ सदस्य तथा ८१ सदस्यीय सिनेटका ५४ सदस्य पनि निर्वाचित हुनेछन् ।

राजनीतिक विश्लेषक थोमस ट्राउम्यानका अनुसार अन्तिम समयमा उम्मेदवार वा उनीहरूका सहयोगीबाट हुने कुनै पनि गल्तीले अनिर्णीत मतदाताको निर्णयमा प्रभाव पार्न सक्छ । उहाँका अनुसार ब्राजिलको तीव्र राजनीतिक ध्रुवीकरणका कारण यो निर्वाचन नीतिगत बहसभन्दा आरोप-प्रत्यारोपमा केन्द्रित भएको छ ।

चार वर्षअघि लुलाले जायर बोल्सोनारोलाई करिब २१ लाख मतको झिनो अन्तरले पराजित गर्नुभएको थियो । त्यसयता महँगी, भ्रष्टाचार र राजनीतिक विवादका कारण मतदाताको धारणा फेरिएको विश्लेषण गरिएको छ ।

साओ पाउलोस्थित इन्स्पर विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक कार्लोस मेलोजका अनुसार लुलाको उमेर र लामो राजनीतिक यात्राप्रति केही मतदाता असन्तुष्ट देखिए पनि उनी अझै बलियो प्रतिस्पर्धी छन् । अर्कोतर्फ, भ्रष्टाचारसम्बन्धी आरोप र धार्मिक समूहहरूको आलोचनाले बोल्सोनारोलाई पनि चुनौती थपेको छ। त्यसैले यसपटकको निर्वाचन निकै प्रतिस्पर्धात्मक हुने विश्लेषकहरूको अनुमान छ।

# नारायणघाट-बुटवल सडकखण्डमा 'ओभरहेड क्यानोपी ब्रिज' थपिँदै

नवलपुर । पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट-बुटवल सडकखण्डको जङ्गलमा थप दुईवटा 'ओभरहेड क्यानोपी ब्रिज' (बाँदर वारपार गर्ने आकासे झोलुङ्गे पुल) निर्माण गरिने भएको छ।

एसियाली राजमार्ग मापदण्डअनुसार चार लेनमा विस्तार भएको यस खण्डको कावासोती र लाकाहा बीचको जङ्गल तथा चोरमारा र अरुणखोला बीचको जङ्गलमा दुईवटा ओभरहेड क्यानोपी ब्रिज निर्माण गर्ने तयारी भइरहेको छ । नारायणघाट-बुटवल सडक विस्तार योजना पूर्वी खण्डका सूचना अधिकारी इन्जिनियर शिव खनालका अनुसार बाँदरका कारण राजमार्गमा दुर्घटना बढ्दै गएपछि बाँदरलाई बाटो काट्नका लागि ओभरहेड क्यानोपी ब्रिज निर्माण गर्न लागिएको हो।

"पहाडी क्षेत्रबाट तराईतर्फ बाँदर आउन थालेपछि राजमार्गमा दुर्घटना बढ्दै गएको छ", सूचना अधिकारी खनालले भन्नुभयो, "राजमार्गमा बाँदरहरूले बाटो काट्दा हुने दुर्घटनाबाट मानिसको समेत मृत्यु भएकाले दुर्घटना न्यूनीकरणका लागि यो पुल निर्माण गर्न लागिएको हो।"

पूर्वपश्चिम राजमार्गको नवलपरासी (बर्दघाट-सुस्तापूर्व) खण्डमा यसअघि एउटा ओभरहेड क्यानोपी ब्रिज निर्माण भइसकेको छ। गैँडाकोट-१० स्थित पितौँजी जङ्गलमा निर्माण भएको क्यानोपी ब्रिजबाट फाट्टफुट्ट बाँदरहरू वारपार गरेको देखिने गरेको उहाँले बताउनुभयो।

"ओभरहेड क्यानोपी ब्रिजको प्रभावकारिता अहिल्यै जाँच गर्ने बेला भएको छैन", सूचना अधिकारी खनालले भन्नुभयो, "बाँदरलगायतका जनावरलाई पुलबाट वारपार गर्ने वातावरण बनाउँदै पुललाई उपयोगी बनाउन सुरुका केही दिनमा फलफूल दिएर उनीहरूलाई आकर्षित गराउनुपर्छ, हामी त्यसको तयारीमा पनि जुटेका छौँ।" निर्माण सकिएको आभेरहेड क्यानोपी ब्रिजमा योजनाले केही समयमै बाँदरलाई आकर्षित गर्नेगरी फलफूल राख्ने तयारी गरिएको उहाँको भनाइ छ।

"एउटा ओभरहेड क्यानोपी ब्रिज रु पाँच लाखभन्दा पनि कम बजेटमा निर्माण हुनेरहेछ", सूचना अधिकारी खनालले भन्नुभयो, "मुख्य राजमार्गको जङ्गल क्षेत्रमा यो पुल निर्माण गर्दा दुर्घटना र त्यसबाट हुने क्षति न्यूनीकरणमा मद्दत पुग्ने देखियो।" सडक विस्तार योजनाले गैँडाकोटमा जैविक विविधता संरक्षण तथा प्रवर्द्धन कार्यक्रमअन्तर्गत राजमार्गको जङ्गलमा सडकमाथि ३४ मिटर लामो र चार फिट चौडाइको ओभरहेड क्यानोपी ब्रिज निर्माण गरेको थियो। रासस

# कृषि उपज केन्द्रबाट किसान र उपभोक्ता लाभान्वित



घोराही । घोराही उपमहानगरपालिका-१४ की सरिता केसी ताजा सागसब्जी तथा फलफूल खरिद गर्न बिहानै घोराही-१५ अमृतटोलस्थित कृषि उपज बिक्री केन्द्र पुग्नुहुन्छ।

कृषि उपज बिक्री केन्द्रमा ताजा सागसब्जी सस्तोमा पाइने भएकाले दैनिक त्यहाँ जाने गरेको उहाँ बताउनुहुन्छ। "अन्यत्र किनमेल गर्दा ताजा नपाइने र महँगो पनि पर्ने भएकाले हरेक दिन बिहान यहाँ सागसब्जी लिन आउने गरेकी छु," उहाँले भन्नुभयो, "कृषि उपज केन्द्रले हामीजस्ता विद्यार्थी र मेहनत गर्ने किसान दुवैलाई सहज बनाएको छ।"

किसानबाट सिधै सुपथ मूल्यमा आवश्यक सागसब्जी किन्न पाउँदा आफू खुसी भएको उहाँले बताउनुभयो । केन्द्र सञ्चालनमा आएपछि किसानले उत्पादन गरेका वस्तु बिक्रीका लागि सहज बजार पाउनुका साथै उपभोक्ताले पनि सस्तोमा ताजा कृषि उपज किन्न पाएको उहाँको भनाइ छ।

घोराही उपमहानगरपालिका-१५कीसरिता खड्का पनि हरेक बिहान यही केन्द्रबाट सागसब्जी खरिद गर्नुहुन्छ । विगतमा किसानले आफ्नै तरिकाले सागसब्जी तथा फलफूल बिक्री गर्दै आए पनि कृषि उपज बिक्री केन्द्र सञ्चालनमा आएपछि किसान र उपभोक्ता दुवैलाई सहज भएको उहाँ बताउनुहुन्छ।

"बाहिरभन्दा यहाँ सागसब्जी राम्रो पाइने भएकाले बिहानै लिन आउने गरेकी छु," उहाँले भन्नुभयो, "बिहान हिँड्दा स्वास्थ्यलाई पनि फाइदा हुने र ताजा सागसब्जी पनि लैजान पाइने भएकाले राम्रो भएको छ।"

बिचौलियाको प्रभाव कम हुँदा किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि सुपथ मूल्यमा कृषि उपज खरिद गर्न पाउने उहाँले बताउनुभयो।

घोराही उपमहानगरपालिका-७ का किसान रामकुमार चौधरीले व्यापारीले अन्यत्र सस्तो मूल्यमा सागसब्जी खरिद गर्न खोज्ने भए पनि कृषि उपज बिक्री केन्द्रमा आफूले तोकेको मूल्यमा बिक्री गर्न पाएको बताउनुभयो। उहाँले १५ कठ्ठा जग्गामा व्यावसायिक रूपमा सागसब्जी खेती गर्दै आउनुभएको छ।

"बाहिरको मूल्यभन्दा पाँच-दश रुपैयाँ बढीमा यहाँ बिक्री गर्ने गरेको छु," उहाँले भन्नुभयो। सागसब्जी खेतीबाट मासिक १५ देखि २० हजार रुपैयाँ आम्दानी हुने गरेको उहाँले बताउनुभयो।

केन्द्रमा आफ्नो उत्पादन राम्रोसँग बिक्री हुँदै आएको बताउँदै चौधरीले आफूले उत्पादन गरेका अधिकांश कृषि उपज यहीँ ल्याएर बिक्री गर्ने गरेको जानकारी दिनुभयो । "घरमा फलाएको काउली, बन्दा, गोलभेँडा, साग, खुर्सानी बेच्न ल्याउने गरेको छु। ल्याएको जति प्रायः सधैँ बिक्री हुन्छ, कहिलेकाहीँ मात्रै बाँकी रहन्छ," उहाँले भन्नुभयो।

घोराही उपमहानगरपालिका-८ की निर्मला चौधरी पनि घरमा उत्पादन भएको सागसब्जी बिक्री गर्न केन्द्रमा आउने गर्नुहुन्छ । व्यावसायिक रूपमा खेती नगरे पनि घरमा खाएर बचेको सागसब्जी बिक्री गर्न समस्या नभएको उहाँ बताउनुहुन्छ । केन्द्रबाट ताजा सागसब्जी सुपथ मूल्यमा पाउन थालेपछि उपभोक्तासमेत खुसी भएको उहाँको भनाइ छ।

कृषि उपज बिक्री केन्द्रमा किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि सुपथ मूल्यमा ताजा कृषि उपज खरिद गर्न पाउने अवस्था बनेको छ। घोराही उपमहानगरपालिकाले सञ्चालन गरेको केन्द्रमा किसानले दैनिक रु १५ शुल्क तिरेर गाउँबाट ल्याएको ताजा सागसब्जी बिक्रीका लागि राख्ने गरेका छन्।

घोराहीउपमहानगरपालिका-१५ का वडाध्यक्ष रमेशकुमार पाण्डे कृषि उपज बिक्री केन्द्र सञ्चालनमा आएपछि ग्रामीण क्षेत्रका किसानलाई घरघरमा पुगेर सागसब्जी बिक्री गर्नुपर्ने बाध्यता हटेको छ भने बिचौलिया नहुँदा किसान र उपभोक्ता दुवै लाभान्वित भएका उहाँ बताउनुहुन्छ। रासस

# राहत कोषमा फिदिम नगरपालिकाद्वारा ४७ लाख जम्मा

पाँचथर। पाँचथरको फिदिम नगरपालिकाले भोटेकोशी बाढी प्रभावितको सहयोगार्थ रु ४७ लाख ४९ हजार रकम सहयोग गरेको छ।

फिदिम नगरपालिकाका जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीबाट सङ्कलित उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको फिदिम नगरपालिकाका प्रमुख मित्रप्रसाद काफ्लेले जानकारी दिनुभयो। भोटेकोशी बाढीबाट प्रभावितको उद्धार, पुनर्स्थापना तथा राहतका लागि जनप्रतिनिधि, कर्मचारी र शिक्षकबाट रकम सङ्कलन गरिएको उहाँले बताउनुभयो।

फिदिम नगरपालिकाले दैवी विपत्तिमा सबै निकायबीच सहकार्य भएमात्रै राहत, उद्धार र पुनर्स्थापना प्रभावकारी हुनसक्ने भन्दै यसका लागि तीन तहका सरकारबीच पनि प्रभावकारी समन्वयको आवश्यकता रहेको जनाएको छ। फिदिम नगरपालिकाले भोटेकोशी बाढीले पुर्याएको क्षतिप्रति दुःख व्यक्त गर्दै ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदना व्यक्त गरेको छ। रासस

# दसैँको बिदामा घुमफिर गर्न लमजुङका १० गन्तव्य उपयुक्त



लमजुङ। दसैँको लामो बिदा घुमफिर र पारिवारिक भेटघाटसँगै नयाँ ठाउँको अनुभव गर्ने अवसर पनि हो। हिमाल, पहाड, प्रकृति, संस्कृति, इतिहास र धार्मिक आस्थाको विविधता बोकेको लमजुङमा छोटो तथा लामो दूरीका यात्राका लागि विभिन्न गन्तव्य छन्। जिल्लाका प्रमुख पर्यटकीय तथा धार्मिकस्थलमध्ये २०८३ सालको दसैँ बिदामा घुम्न सकिने १० गन्तव्य यसप्रकार रहेका छन्।

**बेँसीसहर नगरपालिका-३, गाउसहर-लमजुङ दरबार**

लमजुङको इतिहास र शाहवंशीय राज्यसँग जोडिएको गाउँसहर जिल्लाकै महत्त्वपूर्ण ऐतिहासिक गन्तव्य हो । यहाँ गाउँसहर दरबार, लमजुङ कालिका मन्दिर तथा यशोब्रह्म शाहसँग सम्बन्धित पुरातात्विक संरचना छन् । गाउँसहरलाई शाहवंशीय राज्यको उद्‍गमस्थलका रूपमा समेत लिइन्छ। इतिहास, धर्म र संस्कृतिको सङ्गम भएकाले दसैँका बेला यसको विशेष महत्व रहन्छ।

**सुन्दरबजार नगरपालिका-११, तुर्लुङकोट कालिका**

प्राचीन इतिहास र धार्मिक आस्थासँग जोडिएको तुर्लुङकोटमा कालिका मन्दिर तथा ऐतिहासिकस्थल छन् । धार्मिक वातावरणसँगै पहाडी भूभागको दृश्यावलोकन गर्न सकिने भएकाले दसैँ बिदामा भ्रमणका लागि उपयुक्त गन्तव्य हो।

**बेँसीसहर नगरपालिका-४, पुरानकोट गढी**

ऐतिहासिक तथा सामरिक महत्व बोकेको पुरानकोट गढी लमजुङको पुरानो राज्य इतिहाससँग जोडिएको स्थल हो। गढी क्षेत्रबाट आसपासका पहाडी भूभागको दृश्यसमेत अवलोकन गर्न सकिन्छ।

**बेँसीसहर नगरपालिका-३, काउलेपानी**

मौलिक गाउँबस्ती, होमस्टे, धार्मिकस्थल र प्राकृतिक सौन्दर्य काउलेपानीका मुख्य आकर्षण हुन् । गाउँसहर दरबारसँगै भ्रमण गर्न सकिने भएकाले यहाँको यात्रा इतिहास र ग्रामीण पर्यटनसँग जोड्न सकिन्छ।

**राइनास नगरपालिका-९, राइनासकोट**

ऐतिहासिक, धार्मिक तथा प्राकृतिक महत्व बोकेको राइनासकोट लमजुङको आकर्षक पहाडी गन्तव्य हो । यहाँबाट सूर्योदय, सूर्यास्त तथा आसपासका पहाडी भूभागको मनोरम दृश्यावलोकन गर्न सकिन्छ। राइनास नगरपालिकाले समेत पर्यटनलाई नगरको प्रमुख पहिचानका रूपमा अघि सारेको छ।

**क्व्होलासोथार गाउँपालिका-३, घलेगाउँ**

गुरुङ संस्कृति, परम्परागत बस्ती, होमस्टे, स्थानीय परिकार र हिमाली दृश्य घलेगाउँका प्रमुख आकर्षण हुन् । घले राजाको इतिहास, गुरुङ सङ्ग्रहालय, मन्दिर तथा सांस्कृतिक सम्पदाले यसलाई ग्रामीण र सांस्कृतिक पर्यटनको महत्त्वपूर्ण गन्तव्य बनाएका छन्।

**क्व्होलासोथार गाउँपालिका-४, भुजुङ**

मौलिक गुरुङ बस्ती, परम्परागत जीवनशैली, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्य भुजुङका मुख्य आकर्षण हुन् । होमस्टेमा बसेर गाउँले जीवनशैली तथा गुरुङ संस्कृतिलाई नजिकबाट अनुभव गर्न सकिन्छ।

**मर्स्याङ्दी गाउँपालिका-१ र २, घनपोखरा**

हिमाली दृश्य, गुरुङ संस्कृति, ग्रामीण जीवनशैली र प्राकृतिक सौन्दर्यले घनपोखरालाई आकर्षक बनाएको छ। घलेगाउँसँगै जोडेर भ्रमण गर्न सकिने भएकाले यहाँको यात्रा प्रकृति र संस्कृतिको अनुभवका लागि उपयोगी हुन्छ।

**मध्यनेपाल नगरपालिका-७, करापुटार-इशानेश्वर महादेव**

लमजुङको महत्त्वपूर्ण धार्मिक गन्तव्यका रूपमा परिचित करापुटारमा इशानेश्वर महादेवको मन्दिर रहेको छ। धार्मिक आस्था र सांस्कृतिक महत्व बोकेको यस क्षेत्रमा दसैँ बिदामा दर्शन तथा भ्रमण गर्न सकिन्छ।

**दूधपोखरी गाउँपालिका, इलमपोखरी**

प्राकृतिक तथा धार्मिक महत्व बोकेको इलमपोखरी ग्रामीण पर्यटनको आकर्षक गन्तव्य हो । पोखरी क्षेत्र र आसपासको मौलिक प्राकृतिक वातावरणले शान्त र रमणीय ठाउँ खोज्ने पर्यटकलाई आकर्षित गर्छ । इलमपोखरी लमजुङका प्रमुख पर्यटकीय तथा धार्मिक स्थलमध्ये सूचीकृत गन्तव्य पनि हो।

लमजुङका यी गन्तव्यले एउटै जिल्लाभित्र इतिहास, धर्म, संस्कृति, प्रकृति र ग्रामीण जीवनशैलीको विविध अनुभव दिने भएकाले दसैँ बिदामा घुमफिर गर्नेका लागि आकर्षक विकल्प बन्न सक्छ। रासस

# सात लाख ३२ हजार नागरिक स्वास्थ्य बीमामा आबद्ध




सुदूरपश्चिम । सुदूरपश्चिममा सात लाख ३२ हजारभन्दा बढी नागरिक स्वास्थ्य बीमा प्रणालीमा आबद्ध भएका छन्। स्वास्थ्य बीमा बोर्ड सुदूरपश्चिम कार्यालयका अनुसार गत भदौ मसान्तसम्म सात लाख ३२ हजार ७५२ जना बीमा प्रणालीमा जोडिएका हुन्।

बोर्डका सुदूरपश्चिम संयोजक जनकबहादुर साउदले बीमा व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएको तथ्याङ्कअनुसार जिल्लागत रूपमा सबैभन्दा बढी कैलालीका तीन लाख ६१ हजार ९७९ नागरिकले बीमा गरेको जानकारी दिनुभयो।

यस्तै, कञ्चनपुरमा ८७ हजार ८७, अछाममा ६७ हजार ३०८, बझाङमा ५२ हजार २११, बाजुरामा ४५ हजार ४५४, बैतडीमा ३४ हजार २७०, डडेलधुरामा ३३ हजार ३७८, डोटीमा २७ हजार ८६२ र दार्चुलामा २३ हजार २०३ लाभग्राही रहेको उहाँले बताउनुभयो।

नेपालमा स्वास्थ्य बीमा कार्यक्रम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने तथा ठूलो उपचार खर्चको आर्थिक जोखिम न्यूनीकरण गर्ने एक लोककल्याणकारी सामाजिक सुरक्षा योजनाअन्तर्गत विसं २०७२ चैत २५ बाट सुरु भएको हो । यसलाई व्यवस्थित सञ्चालन गर्न स्वास्थ्य बीमा ऐन २०७४ र स्वास्थ्य बीमा नियमावली, २०७५ अनुसार स्वास्थ्य बीमा बोर्ड स्थापना गरिएको छ।

संयोजक साउदले बीमा योजना नेपालको संविधानको धारा ३५ ले आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गरेअनुसार संवैधानिक दायित्व कार्यान्वयनको महत्वपूर्ण पक्षका रुपमा विस्तार भइरहेको बताउनुभयो। यसले आर्थिक रूपमा कमजोर परिवारका लागि उपचार खर्च व्यवस्थापनमा निकै राहत पुर्‍याइरहेको उहाँले बताउनुभयो।

संविधानको धारा, ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिअन्तर्गत नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख छ। सोही अनुसार बीमा योजना कार्यान्वयनमा छ। स्वास्थ्य बीमामा आबद्ध हुन प्रतिपरिवार (पाँच जनासम्म) रु तीन हजार ५०० वार्षिक रुपमा योगदान तिर्नुपर्ने र पाँच जनाभन्दा बढी सदस्य भएमा थप सदस्य रु सात सयका दरले शुल्क लाग्ने गरेको छ। स्वास्थ्य नियमालीको व्यवस्थाअनुसार हालको सुविधाको थैलीलाई दुई गुणाले वृद्धि गर्नाका साथै ७० वर्ष माथिका ज्येष्ठ नागरिक, अतिविपन्न, अपाङ्गता भएका व्यक्तिहरू र कुष्ठरोग/एचआइभी/एमडीआर-टिबीका बिरामीहरूका लागि निःशुल्क बीमाको व्यवस्था छ । सरकारले नै यो समूहका व्यक्तिको बीमा प्रिमियम तिरिदिने गरी व्यवस्था गरिएको संयोजक साउदले बताउनुभयो। साथै, सम्पूर्ण सङ्गठित क्षेत्रलाई आम्दानीको एक प्रतिशत योगदान गर्नेगरी बीमामा आबद्ध हुने अनिवार्य व्यवस्था गरिएको पनि उहाँले जानकारी दिनुभयो। रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

**प्रकाशित मिति : २०८३/०६/१९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस विकास बैंकको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **बोलपत्र खोलिने मिति/समय**

**२०८३/०७/०९ गते/स्थान : शाखा कार्यालय रामगोपालपुर, महोत्तरी** — **२०८३/०७/११ गते, बुधबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **व्यक्तिगत जमानतकर्ताको विवरण** |
| १. | **नाम : मंजु देवी चौधरी**<br>ना.प्र.नं. १८२०४९/३८३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६६/०६/२१<br>पतिको नाम : विजय कुमार चौधरी<br>ससुराको नाम : राम बहादुर चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, खोपी वडा नं. ५<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ६ | **नाम : विजय कुमार चौधरी**<br>ना.प्र.नं. १८३०४९/९२१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/१९<br>बाबुको नाम : राम बहादुर चौधरी<br>बाजेको नाम : परीक्षण चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, खोपी वडा नं. ५<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ६ |
| | **धितोको विवरण** | |
| | मंजु देवी चौधरीको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तिखोर वडा नं. ५ क स्थित कित्ता नं. ७६१ को क्षेत्रफल ०-०-०-६ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# कर्णाली राजमार्गमा काम नगर्ने निर्माण कम्पनी कालोसूचीमा



जुम्ला। जुम्ला हुँदै मनाङ-मुस्ताङसम्म जोड्ने सडकसहित कर्णाली राजमार्ग र नाग्म-गमगडी सडकको स्तरोन्नति तथा निर्माणको सम्झौताअनुसार काम नगर्ने छवटा निर्माण कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ।

सडक डिभिजनसँग उक्त राजमार्गको निर्माण गर्नका लागि आर्थिक वर्ष २०७५ देखि २०८० सालसम्म सम्झौता भएका निर्माण कम्पनीले समयमै काम नगर्दा सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौँलाई कालोसूचीमा राख्नका लागि सिफारिस गरी पठाइएपछि छवटा निर्माण कम्पनी कालोसूचीमा परेको सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराले बताउनुभयो।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम सडक डिभिजनले सिफारिस गरेका तीनवटा निर्माण कम्पनीमध्ये 'विनम्र निर्माण सेवा सुर्खेतलाई तीन वर्षका लागि कालोसूचीमा राखिएको छ। ध्रुव निर्माण सेवा वीरेन्द्रनगर सुर्खेतलाई दुई वर्षका लागि र अविनाश निर्माण सेवा छायानाथ मुगुलाई एक वर्षका लागि कालोसूचीमा राखिएको सार्वजनिक सूचना शनिबार जारी गरिएको प्रमुख महताराको भनाइ छ।

> सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम सडक डिभिजनले सिफारिस गरेका तीनवटा निर्माण कम्पनीमध्ये "विनम्र निर्माण सेवा सुर्खेतलाई तीन वर्षका लागि कालोसूचीमा राखिएको छ ।

यसैगरी शङ्करमाली निर्माण सेवा काठमाडौँ र मान शाही निर्माण सेवा कालीकोटलाई तीन-तीन वर्ष तथा कश्यप निर्माण सेवा काठमाडौँलाई दुई वर्षका लागि कालोसूचीमा राखिएको सूचना बुधबार सार्वजनिक भएको सडक डिभिजन कार्यालयका सबइन्जिनियर वीरेन्द्र रावलले बताउनुभयो।

शङ्करमाली निर्माण सेवाले नाग्म-गमगडी सडक र कश्यप निर्माण सेवाले जुम्ला मनाङ-मुस्ताङको सडक निर्माणको सम्झौताअनुसारको काम गर्न नसक्दा कालोसूचीमा परेका छन्। बाँकी निर्माण कम्पनी कर्णाली राजमार्ग सडकखण्डअन्तर्गत कालीकोट क्षेत्रका सडक स्तरोन्नति तथा निर्माणको ठेक्का समयमै सम्पन्न नगर्दा कालोसूचीमा परेको सबइन्जिनियर रावलले जानकारी दिनुभयो।

कालोसूचीमा परेका कम्पनीले तोकिएको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन नपाउने सार्वजनिक खरिद अनुगमन कार्यालयले जनाएको छ।

**उद्योग खारेजी गर्नेको संख्या बढ्दै**

जुम्लामा पछिल्लो समयमा उद्योग खारेजी गर्नेको सङ्ख्या बढेको छ। आर्थिक वर्ष २०८२/८३ मा खारेजीतर्फ १८०, दर्तातर्फ १८८ र नवीकरणतर्फ ३३४ वटा उद्योग भएको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख टङ्कप्रसाद न्यौपानेले जानकारी दिनुभयो।

यसैगरी वाणिज्यतर्फ ६१ वटा उद्योग दर्ता भएका छन्। नवीकरणतर्फ ५८ र खारेजी ५२ वटा उद्योग भएका छन्। उक्त आवमा विभिन्न शीर्षकअन्तर्गत करिब १६ लाख २५ हजार राजस्व सङ्कलन भएको प्रमुख न्यौपानेको भनाइ छ।

चालु आवको भदौसम्म ४३ वटा नयाँ उद्योग दर्ता भएका छन् । नवीकरण ११९, खारेजी पाँचवटा भएका छन् । वाणिज्य उद्योगतर्फ ११ दर्ता भएको प्रमुख न्यौपानेको भनाइ छ । पछिल्लो समयमा जिल्लामा नयाँ उद्योग दर्ता गर्नेको सङ्ख्या घटेको छ। उद्योग खारेजी गर्नेको सङ्ख्या भने बढ्दो क्रममा छ।

विगत चार वर्षदेखि लगातार कार्यालयमा उद्योग दर्ता गर्नेको सङ्ख्या घट्दै गइरहेको र खारेजी गर्नेको सङ्ख्या बढ्दै गइरहेको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले जनाएको छ । दर्ता भएका उद्योगमध्ये उत्पादनमूलक, कृषि तथा वनजन्य, सेवामूलक, पर्यटन, निर्माण र सूचना सञ्चार प्रविधितर्फका उद्योग रहेको कार्यालयले जनाएको छ। रासस

# दुई महिनामा करेन्ट लागेर ३९ जनाको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । विद्युतीय करेन्ट लागेर मधेस प्रदेशमा मानवीय क्षति निकै बढ्दै गएको छ। चालु आर्थिक वर्षको पहिलो दुई महिनामा मात्रै ३९ जनाको करेन्ट लागेर मृत्यु भएको छ।

मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार गत साउन र भदौ महिनामा प्रदेशमा करेन्ट सम्बन्धी १०७ वटा घटनामा ३९ जनाको मृत्यु भएको हो । विद्युतका काम गर्दा विद्युतीय तार, उपकरण तथा विद्युत् प्रवाहसँग सम्बन्धित काममा सावधानी नअपनाउँदा मानवीय क्षति बढेको प्रहरीको भनाइ छ।

करेन्टसँग सम्बन्धित अधिकांश घटना सिँचाइ गर्ने मोटर, घरायसी मोटर तथा अन्य घरायसी कामका क्रममा भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार विद्युत् तथा आगलागीसँग सम्बन्धित घटनामा पूर्वसावधानी र सजगता नअपनाउँदा मानवीयसँगै भौतिक क्षति बढेको हो।

मधेस प्रदेशमा साउन र भदौ महिनामा भएका विभिन्न ४५९ विपदका घटनामा ९२ जनाको मृत्यु भएको छ । विपदका कारण ४७ पुरुष, १९ महिला तथा २६ जना बालालिकाले अकालमै ज्यान गुमाएका छन्। यो अवधिमा सबैभन्दा बढी मृत्यु विद्युतीय तारबाट प्रवाह हुने करेन्ट लागेर भएको हो।

करेन्ट लागेर ३९ जनाले ज्यान गुमाएका छन् भने पानीमा डुबेर २९ जनाको मृत्यु भएको छ। जंगली जनावरको आक्रमणबाट ५, चट्याङ लागेर ३ तथा आगलागीमा परेर एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। त्यस्तै प्रदेशभरि अन्य विपदका घटनामा १३ जनाले ज्यान गुमाएका छन्।

प्रहरीको उजुरी तथ्यांकमा चालु आर्थिक वर्षको पहिलो दुई महिनामा आगलागीका घटना ११२ वटा भएको उल्लेख छ। त्यस्तै पानीमा डुब्ने ३७, जंगली जनावरको आक्रमणका २३, बाढीका १२ तथा चट्याङका १० घटना भएका छन्।

प्रहरीका अनुसार यो अवधिमा भएका ४५९ विपदका घटनामा २ करोड ९२ लाख ४७ हजार ५५५ रुपैयाँ बराबरको भौतिक सम्पत्ति नष्ट भएका छन् । भौतिक सम्पत्तितर्फ सबैभन्दा बढी क्षति आगलागीबाट भएको छ। आगलागीकै कारण २१२ वटा घर जलेका छन्। आगलागीका घटनाबाट मात्रै २ करोड ७० लाख १३ हजार ३५० रुपैँया बराबरको क्षति भएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले बताए।

त्यस्तै, बाढी तथा पहिरोबाट ११ लाख ९० हजार रुपैयाँ, चट्याङबाट ३ लाख, जंगली जनावरको आक्रमणबाट २ लाख ७२ हजार र अन्य विभिन्न विपदका घटनाबाट थप ४ लाख ६३ हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ।

# सन्तानका लागि मनाइने जितिया पर्व सम्पन्न

**धार्मिक तथा सांस्कृतिक मान्यताअनुसार महिलाहरूले आफ्ना सन्तानको दीर्घायु, स्वास्थ्य र समृद्धिको कामना गर्दै निराहार व्रत बस्ने गर्छन् । व्रत बसेमा सन्तानलाई दु:ख, पीडा तथा विभिन्न समस्याबाट जोगाउन सकिने विश्वास रहँदै आएको छ ।**



**टुडे समाचारदाता**

जनकपुरधाम । सन्तानको दीर्घायु, सुख, समृद्धि र स्वास्थ्यको कामनाका साथ मिथिलाञ्चल क्षेत्रसहित तराई मधेशमा महिलाहरुले मनाउने जितिया पर्व आइतवार विधिपूर्वक समापन भएको छ।

असोज कृष्ण पक्षको अष्टमीदेखि नवमीसम्म मनाइने यो पर्व शुक्रबारदेखि सुरु भई आइतवार बिहान ८ बजे पारण गरी सम्पन्न भएको हो । व्रती महिलाहरु शुक्रवार नहाय खाय गरी व्रतको विधिपूर्वक सुरुवात गरेका थिए भने शनिवार बिहान ५ बजे अघि गरिएको ओँगठनदेखि आइतवार बिहान ८ बजेसम्म निराहार व्रतमा बसेकी थिइन।

जितियालाई 'जीवितपुत्रिका व्रत' पनि भनिन्छ । धार्मिक तथा सांस्कृतिक मान्यताअनुसार महिलाहरूले आफ्ना सन्तानको दीर्घायु, स्वास्थ्य र समृद्धिको कामना गर्दै निराहार व्रत बस्ने गर्छन् । व्रत बसेमा सन्तानलाई दुःख, पीडा तथा विभिन्न समस्याबाट जोगाउन सकिने विश्वास रहँदै आएको छ।

जितिया पर्वको पहिलो दिन व्रतालु महिलाहरू नजिकैका पोखरी, तलाउ वा जलाशयमा स्नान गरी घिरौँलाको पातमा तोरीको तेल, सिन्दूर, तोरीको पिना (खैरी) तथा फूललगायत सामग्री चढाएर 'नहाय-खाय' विधि पूरा गर्छिन।

व्रतको पूर्वसन्ध्यामा माछा तथा कोदो (मरुवा) खाने परम्परा रहेको छ। त्यसपछि अघिल्लो दिन एकाबिहानै दही-च्युउरा र खीरा सहितका फलफूलको प्रसाद घिरौलाको पातमा सासु र आमा लगायतका दिवंगत महिलाहरुलाई प्रसाद चढाएर पूजा गर्दै ओँगठन गरिन्छ। तत्पश्चात सोही दिनदेखि अघिल्लो दिन पारणसम्म निराहार व्रत बस्ने गर्छिन।

व्रत बसेका दिन अष्टमी तिथिमा रातिमा जिमुतवाहन र चुल्हो सियारोको कथा सुन्ने प्रचलन छ। त्यसपछि अघिल्लो दिन नवमी तिथिका दिन पुनः घिरौलाको पातमा चामल र अंकुरीको प्रसाद सामाग्री ती दिवगंत सासु र आमालाई पुरा गर्दै पारण गरी समापन गरिन्छ।

व्रत अवधिमा पानी खानसम्म त परौ जाओस थुक निल्न पनि वर्जित भएका कारण यसलाई निकै कठिन पर्वको मानिएको छ। त्यसैले मैथिलीमा एउटा कहावत छ 'जितिया पावैन बड भारी, धियाप'ताको ठोकिठाक सुतैलौँ अपने खैली भरि थारी।'

जनकपुरधाम ४ कि गिरजा देवी भन्छिन 'सन्तानको दिर्घायु, स्वास्थ्य र समृद्धिका लागि गरिने जितिया व्रत निकै कठिन मानिएको छ। निर्धारित विधि र परम्परा पालना गर्दै उपवास बस्ने गरिन्छ। यसवर्ष पर्वमा पानी त थुकसम्म निल्न वर्जित मानिएको छ।'

मैथिल समुदाय मात्रै होइन तराई मधेशमा थारू समुदाय समेतले विशेष महत्वका साथ मनाउने गर्छन। तिनीहरु पनि मैथिल सुमदाय जस्तै जितियामा जिमुतवाहन देवताको पूजा गर्ने तथा जितियासँग सम्बन्धित धार्मिक कथा सुन्ने गर्छन। पूजाका क्रममा फलफूललगायत सामग्रीले डाली भर्ने परम्परा पनि थारु समुदायमा रहेको छ।

जितिया धार्मिक आस्था मात्र नभई तराई-मधेसका विभिन्न समुदायको मौलिक संस्कृति, परम्परा र सामाजिक एकताको प्रतीकका रूपमा समेत मनाइँदै आएको छ।

# १० वर्षे जंगली हाती जिरायतमा मृत भेटिए



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बागमती नगरपालिका-४ जिरायतमा करिब १० वर्षको एक जंगली हात्ती मृत अवस्थामा फेला परेको छ। ती हाती पोथी रहेको बताइएको छ।

ब्रहमबाबा सामुदायिक वन नजिकै स्थानीयले लगाएको परोर खेतमा आइतबार बिहान हात्ती मृत अवस्थामा फेला परेको हो। खेतमा हात्ती मृत देखेपछि स्थानीयले वन कार्यालयलाई खबर गरेका थिए।

स्थानीयका अनुसार शनिबार राति करिब ८ बजेतिर बस्ती नजिकै जङ्गली हात्ती देखिएको थियो। राति खेततर्फबाट हात्ती कराएको आवाजसमेत सुनिएको स्थानीयले बताए। हात्ती झुण्डमा आएको हुनसक्ने अनुमान गरिएको छ।

डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख विनोद सिंहका अनुसार मृत हात्तीको सुडमा घाउजस्तो देखिएको छ। यद्यपि, घाउकै कारण हात्तीको मृत्यु भएको हो वा अन्य कारणले भन्ने तत्काल यकिन हुन नसकेको उनको भनाई छ।

घटनास्थल बागमती नदीको छेउमा पर्छ। उक्त क्षेत्रमा यसअघि पनि जङ्गली हात्ती आउने जाने गरेको स्थानीयवासीले जनाएको छ। वन तथा नदी आसपासका क्षेत्रमा समय-समयमा जङ्गली हात्ती देखिने गरेका छन्।

हात्तीको मृत्युको वास्तविक कारण पत्ता लगाउन पर्सा राष्ट्रिय निकुञ्जको प्राविधिक टोली घटनास्थल पुगेको छ। चितवनबाट पशु चिकित्सकको टोलीसमेत घटनास्थलतर्फ गएको डिभिजन वन कार्यालयले जनाएको छ।

प्राविधिक टोलीले गर्ने परीक्षण तथा पोस्टमार्टमपछि मात्रै हात्तीको मृत्युको वास्तविक कारण खुल्ने वन कार्यालयले जनाएको छ।

# जानकी मन्दिर प्रांगणमा बिग्रिएको फाउन्टेन मरम्मतमा बेवास्ता

**टुडे समाचारदाता**



जनकपुरधाम । जनकपुरधामस्थित जानकी मन्दिरको प्रांगणमा रहेको फाउन्टेन वर्षौंदेखि बिग्रिएकोमा त्यसको मरम्मत सम्भारमा सरोकारवाला निकायले चासो देखाएको छैन।

जानकी मन्दिरको सौन्दर्यता र बाह्य तथा आन्तरिक पर्यटकहरुको दर्शन तथा अवलोकनसहित मनोरञ्जनका लागि लाखौ रुपैया खर्चेर करीब ७ वर्ष अगाडि प्रांगणमा फाउण्टेन निर्माण गरिएको थियो । तर केही वर्षमै बिग्रिएपछि आजसम्म सो फाउन्टेनको मरम्मत सम्भार गर्न नसकिँदा जिर्ण बनेको छ।

मन्दिरको मुख्य प्राङ्गणमै रहेको फाउन्टेन लामो समयदेखि प्रयोगविहीन र जीर्ण अवस्थामा पुग्दा मरम्मत सम्भार हुन नसक्नुले सम्बन्धित बेवास्ता गरेको जस्तो देखिएको स्थानीयको गुनासो छ।

स्थानीय युवा श्याम चौधरीका अनुसार फाउन्टेन बिग्रिएको पाँच वर्षभन्दा बढी भइसक्दा पनि त्यसको मर्मतमा सम्बन्धित तीनै तहका सरकारको पर्याप्त ध्यान पुग्न सकेको छैन। उनले पर्यटकीय दृष्टिले अत्यन्त महत्वपूर्ण स्थानमा रहेको संरचनाको सामान्य मर्मतसम्भारसमेत हुन नसक्नु दुःखद भएको बताए।

'जनकपुरधामको पहिचान बोकेको जानकी मन्दिर अगाडि वर्षौंदेखि एउटा फाउन्टेन टुटेर अलपत्र अवस्थामा छ। यसलाई मर्मत गर्न सरकारसँग बजेट नभएको हो कि इच्छाशक्ति नभएको हो?' भन्ने प्रश्न चौधरीको छ।

अर्काका स्थानीय जगरनाथ मुखिया भन्छन् – 'जानकी मन्दिरमा आउने पर्यटकले मन्दिरको धार्मिक तथा ऐतिहासिक महत्वसँगै वरपरको वातावरण र संरचनाको अवस्थालाई पनि नियाल्ने गर्छन्। यस्तो अवस्थामा मुख्य प्रवेश क्षेत्रमै वर्षौंदेखि बिग्रिएको संरचना देखिँदा जनकपुरधामको पर्यटन व्यवस्थापनप्रति नकारात्मक सन्देश गइरहेको छ।'

जानकी मन्दिरलाई जनकपुरधामको धार्मिक पर्यटनको प्रमुख केन्द्रका रूपमा लिइन्छ। यहाँको पूर्वाधार, सरसफाइ, सौन्दर्यीकरण र संरक्षणले समग्र जनकपुरधामको पर्यटन छविमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले वर्षौंदेखि बिग्रिएको संरचनाको मर्मतमा सम्बन्धित निकायले तत्काल ध्यान दिनुपर्ने स्थानीयको माग छ।

वर्षौंदेखि उस्तै अवस्थामा रहेको यो संरचनाले भने 'पर्यटन विकासको दाबी र धरातलीय अवस्थाबीचको अन्तर' प्रस्ट देखाइरहेको मुखियाको भनाई छ।

ती फाउण्टेन मधेश प्रदेश सरकारद्वारा २०७६ सालमा मुख्यमन्त्री स्वच्छता अभियान योजना अन्तर्गत करीब ७ करोडको लागतमा जानकी मन्दिर सौन्दर्यकरणको बजेटबाट टाइल्स मार्बलको काम भएको बेला निर्माण गरिएको थियो। तर निर्माण भएको दुई वर्षपछि नै ती फाउण्टेन बिग्रियो। सम्बन्धित निकायले चासो नलिंदा आजसम्म बिग्रेको नै छ।

ती बिग्रेका फाउण्टेन कसले मरम्मत सम्भार गर्ने हो भन्ने कुरा अन्यौल छ। प्रदेश सरकारको ती योजनाको फाइल अहिले अख्तियारमा छानबीनको क्रममा रहेको छ। सो मुद्दामा सचिवदेखि कर्मचारीसम्म केहीलाई दण्ड जरिवाना सजाय पनि भएको थियो।

# नगराईनमा प्रहरी र स्थानीयबीच नागरिक सुनुवाई

**टुडे समाचारदाता**



जनकपुरधाम । समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी र ट्राफिकद्वारा जिल्लाको नगराइन नगरपालिकामा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न गरिएको छ।

प्रहरी सेवा, सुरक्षा व्यवस्था लगायत स्थानीयस्तरका समस्या र नागरिकका गुनासा प्रत्यक्ष रूपमा सुन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो।

नगराइन नगरपालिकास्थित राजेश्वर निधि माध्यमिक विद्यालयको सभाहलमा जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाको संयुक्त आयोजना तथा इलाका प्रहरी कार्यालय जटहीको समन्वय र सहकार्यमा कार्यक्रम गरिएको हो।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले अध्यक्षता गरेका थिए भने नगराइन नगरपालिकाका मेयर विनयकुमार यादव प्रमुख अतिथिमा सम्पन्न भएको जनाइएको छ।

कार्यक्रममा सहभागी स्थानीयले आफ्नो क्षेत्रमा देखिएका सुरक्षा चुनौती, प्रहरी सेवा तथा शान्ति सुरक्षासँग सम्बन्धित विषयमा धारणा राखेका थिए। नागरिकका गुनासा र सुझावलाई सम्बोधन गर्दै प्रहरी र समुदायबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको थियो।

प्रहरीले नागरिकसँग प्रत्यक्ष संवाद गरी स्थानीय समस्या पहिचान गर्ने र आवश्यक समन्वयमार्फत समाधानको पहल गर्ने उद्देश्यले नागरिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिइएको जनाएको छ।

समुदायमा शान्ति सुरक्षा कायम गर्न प्रहरीको मात्रै प्रयास पर्याप्त नहुने भएकाले स्थानीय तह, नागरिक, विद्यालय, सामाजिक सङ्घसंस्था तथा अन्य सरोकारवालाबीच सहकार्य आवश्यक रहेको कार्यक्रममा सहभागीहरूले बताएका थिए।

सो कार्यक्रममा वडा अध्यक्ष तथा जनप्रतिनिधि, महिला सञ्जालका सदस्य, विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि, सञ्चारकर्मी, स्थानीय बुद्धिजीवी, शिक्षक र विद्यार्थी गरी करिब ११० जनाको सहभागिता रहेको प्रहरीले जनाएको छ।

# रेडक्रस धनुषामा ११९ युनिट रगत भण्डारण

**टुडे समाचारदाता**



जनकपुरधाम। नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाले रगत संकलनमा फड्को मारेको छ । हाल ११९ युनिट रगत भण्डारण रहेको जनाइएको छ।

शाखाले सार्वजनिक गरेको असोज १८ गते आइतबारको रक्त भण्डार विवरणअनुसार विभिन्न रक्त समूहको गरी ११९ युनिट रगत मौज्दात रहेको छ।

रेडक्रसका अनुसार हाल 'ए' पोजेटिभ समूहको २ युनिट, 'बी' पोजेटिभको ३७ युनिट, 'ओ' पोजेटिभको ६१ युनिट, 'एबी' पोजेटिभको १ युनिट, 'ओ' नेगेटिभको १ युनिट र 'एबी' नेगेटिभको २ युनिट रगत भण्डारणमा रहेको छ। भण्डारणमध्ये 'ओ' पोजेटिभ रक्त समूहको मौज्दात सबैभन्दा बढी रहेको छ।

पछिल्लो समय विभिन्न स्वास्थ्य संस्थामा उपचारका लागि आउने बिरामी तथा आकस्मिक अवस्थाका बिरामीलाई आवश्यक पर्ने रगतको माग बढिरहेकाले नियमित रक्तदान आवश्यक रहेको रेडक्रसले जनाएको छ।

नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाका सभापति पंकजकुमार महतोले रक्तदानलाई नियमित सामाजिक जिम्मेवारीका रूपमा अघि बढाउनुपर्ने बताए। उनले रगत कृत्रिम रूपमा उत्पादन गर्न नसकिने भएकाले बिरामीको जीवन बचाउन स्वस्थ व्यक्तिले समय समयमा रक्तदान गर्नुपर्नेमा जोड दिए।

सभापति महतोका अनुसार आपत्कालीन अवस्थामा आवश्यक पर्ने रगतको अभाव हुन नदिन रक्तदान अभियानलाई निरन्तरता दिनु आवश्यक छ। उनले युवालगायत सबै स्वस्थ नागरिकलाई रक्तदानमा सहभागी हुन आग्रह गर्दै एक युनिट रगतले पनि कसैको जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्ने बताए।

रेडक्रस धनुषाले आवश्यक परेका बिरामीका लागि रक्त सेवा उपलब्ध गराउँदै आएको जनाएको छ। शाखाले रक्तदान गर्न इच्छुक तथा स्वस्थ व्यक्तिहरूलाई नियमित रूपमा रक्तदान गर्नसमेत आह्वान गरेको छ।

'रक्तदान गरौँ, जीवन बचाऔँ' भन्ने सन्देशसहित रेडक्रसले मानवीय सेवाका लागि रक्तदानलाई निरन्तरता दिन आग्रह गरेको छ।

# चरेस सहित एक भारतीय पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। वीरगन्ज-रक्सौलबिचमा रहेको भारतीय क्षेत्रको मितेरी पुलबाट ११ किलोभन्दा बढी लागूऔषध चरेससहित एक नेपाली नागरिक पक्राउ परेका छन्।

भारततर्फ ठुलो परिमाणमा लागूऔषध लैजाँदै गरेको विशेष सूचनाका आधारमा एसडीपीओ मनिष कुमार आनन्दको कमान्डमा प्रहरी र सशस्त्र सीमा बल (एसएसबी)को संयुक्त टोली परिचालन गरिएको थियो।

टोलीले शनिबार साँझ वीरगन्जबाट रक्सौलतर्फ आउँदै गरेको शंकास्पद ई-रिक्सा रोकेर जाँच गरेको थियो। जाँचका क्रममा रिक्साभित्र राखिएको बोराबाट २२ वटा कालो प्याकेटमा प्याक गरिएको ११ किलो २४६ ग्राम चरेस बरामद भएको भारतीय प्रहरीले जनाएको छ। चरेससहित पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका-छपकैया निवासी ३९ वर्षीय अमर चौधरी रहेका छन्।

एसएसबीका अनुसार पक्राउ परेका चौधरीलाई बरामद चरेससहित आवश्यक कानुनी कारबाहीका लागि रक्सौलस्थित हरैया थानाको जिम्मा लगाइएको छ। प्रहरीका अनुसार बरामद लागूऔषध मकवानपुर जिल्लाका विभिन्न स्थानबाट ल्याएर बारा र पर्सा हुँदै भारततर्फ लैजान खोजिएको प्रारम्भिक विवरण छ।

नेपाली भूभाग हुँदै ठुलो परिमाणमा लागूऔषध वीरगन्जसम्म ल्याएर सीमावर्ती क्षेत्र पार गर्न खोजिएको घटनाले नेपालतर्फको सुरक्षा तथा चेकजाँच प्रणालीबारे पनि प्रश्न उठाएको छ।

# चकलेटसहित ६ जना नेपाली भारतीय प्रहरीको नियन्त्रणमा

**टुडे समाचारदाता**

बारा । बारा जिल्लास्थित भारत-नेपाल सीमामा भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले ९६० किलो चकलेटसहित ६ जना नेपाली नागरिकलाई पक्राउ गरेको छ। अवैध ओसारपसार नियन्त्रणका लागि गरिएको कारबाहीका क्रममा तिनीहरुलाई पक्राउ गरिएको हो।



पक्राउ पर्नेमा बाराको कलैया उपमहानगरपालिका-मटिअर्वाका ४० वर्षीय राजु महतो, ४८ वर्षीय रामानन्द महतो, ४५ वर्षीय सुरेन्द्र महतो, ४७ वर्षीय रामप्रवेश मण्डल, ४५ वर्षीय महेन्द्र महतो र २२ वर्षीय विकासकुमार मण्डल रहेका छन्।

बारासँग सीमा जोडिएको भारतको नायकटोला गाउँनजिक शनिबार साँझ एसएसबीको ७१ औं वाहिनीअन्तर्गत ई-कम्पनी बीओपी नायकटोलाको टोलीले विशेष सूचनाका आधारमा उनीहरूलाई नियन्त्रणमा लिएको हो। एसएसबीका अनुसार नेपालबाट साइकलमा सामान लिएर भारत प्रवेश गरेका र पुनः नेपालतर्फ फर्किँदै गरेका व्यक्तिहरूमाथि निगरानी गरिएको थियो । शंकास्पद गतिविधि देखिएपछि उनीहरूलाई रोकेर तलासी लिँदा ६ वटा साइकलमा लोड गरिएको २४ बोरा चकलेट बरामद भएको हो।

बरामद चकलेटको कुल तौल ९६० किलो रहेको एसएसबीले जनाएको छ । एसएसबीले उनीहरू भारतबाट अवैध रूपमा चकलेट नेपालतर्फ लैजाने क्रममा पक्राउ परेको जनाएको छ । पक्राउ परेका नेपाली नागरिक, चकलेट तथा साइकललाई आवश्यक कानुनी कारबाहीका लागि मोतिहारीस्थित भन्सार कार्यालयमा बुझाइएको एसएसबीले जनाएको छ।

सीमा क्षेत्रमा हुने अवैध ओसार पसार नियन्त्रण गर्न निगरानी र गस्तीलाई थप प्रभावकारी बनाइएको एसएसबीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८